# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-६९

# Overview of Weekly Media Study Vol. 69


**नेपाल संवाद केन्द्र**

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com


**PDF पढ्नका लागि QR Scan गर्नुहोस**

**मिति : २०८३ जेठ ३, आइतबार**

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन **२०८३ साल वैशाख २८ गतेदेखि जेठ ३** गतेसम्मका प्रमुख राष्ट्रिय दैनिक पत्रपत्रिका, अनलाइन, प्रिन्ट तथा टेलिभिजन माध्यममा प्रकाशित तथा प्रसारित समाचार, विचार, विश्लेषण तथा लेखहरूको अध्ययनपछि तयार गरिएको हो । यस अवधिमा नेपाली मिडियाले सामाजिक, सांस्कृतिक, राजनीतिक, कूटनीतिक, शैक्षिक तथा आर्थिक विषयहरूलाई प्राथमिकताका साथ उठाएका छन् । विशेषतः राष्ट्रिय पहिचान, सांस्कृतिक संरक्षण, सुशासन, लोकतान्त्रिक अभ्यास, शिक्षा सुधार तथा आर्थिक पुनरुत्थानसँग सम्बन्धित विषयहरू प्रमुख विमर्शका रूपमा देखिएका छन् ।

यस अवधिमा मिडियाले पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम, मुक्तिनाथ लगायत धार्मिक तथा सांस्कृतिक क्षेत्रको प्रवर्द्धन, 'देवभूमि नेपाल' अभियान, 'तीर्थ कूटनीति', जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउने पहल, गुठी व्यवस्था, मातृभाषा शिक्षा तथा विपश्यना ध्यानजस्ता विषयलाई उल्लेखनीय स्थान दिएका छन् । यी सामग्रीहरूले नेपाली समाजमा सांस्कृतिक चेतना, आध्यात्मिकता तथा सभ्यतामूलक पहिचानप्रतिको चासो बढ्दै गएको संकेत गरेका छन् । धार्मिक तथा सांस्कृतिक पर्यटनलाई राष्ट्रिय अर्थतन्त्र, अन्तर्राष्ट्रिय पहिचान तथा सामाजिक एकतासँग जोडेर प्रस्तुत गरिएको देखिन्छ । पर्यटन तथा वातावरणीय विषयमा सगरमाथा आरोहण तयारी, कैलाश-मानसरोवर यात्रा, बडिमालिका, सप्तकोशी, वेतना सिमसार तथा नयाँ पर्यटकीय गन्तव्यको प्रवर्द्धनसम्बन्धी समाचारहरू प्रमुख रूपमा आएका छन् । यसले दिगो तथा वैकल्पिक पर्यटनप्रति आकर्षण बढिरहेको देखाए पनि पर्यटक खर्च घट्दै गएको तथ्यले पर्यटन व्यवस्थापन र गुणस्तरीय सेवामाथि थप ध्यान दिनुपर्ने आवश्यकता उजागर गरेको छ ।

राजनीतिक तथा लोकतान्त्रिक विषयतर्फ सरकारको नीति तथा कार्यक्रम, संसद्को भूमिका, शक्ति पृथकीकरण, संसदीय मर्यादा, न्यायपालिका, सुशासन तथा आर्थिक पुनर्संरचनासम्बन्धी बहसलाई मिडियाले प्राथमिकताका साथ उठाएको छ । मिडियाले सरकारका नीति तथा योजनामाथि समर्थनसँगै कार्यान्वयन क्षमता, पारदर्शिता तथा उत्तरदायित्वमाथि प्रश्नसमेत उठाएको देखिन्छ । कर्मचारी दरबन्दी कटौती, सम्पत्ति छानबिन, सार्वजनिक खर्चमा मितव्ययिता तथा भ्रष्टाचार नियन्त्रणसम्बन्धी समाचारहरूले प्रशासनिक सुधारप्रति समाजको अपेक्षा बढेको संकेत गरेका छन् । शिक्षा तथा सामाजिक क्षेत्रमा मातृभाषा शिक्षा, सिकाइ सुधार, कक्षा ११ को भर्ना अभियान तथा युवापुस्तामा आध्यात्मिक र नैतिक चेतनाको आवश्यकता सम्बन्धी विषयले पनि स्थान पाएका छन् । त्यस्तै भारतीय निर्वाचन, श्रम सम्झौता, भूराजनीति तथा अन्तर्राष्ट्रिय सम्बन्धसँग सम्बन्धित सामग्रीहरूले नेपालको कूटनीतिक सन्तुलन र राष्ट्रिय हितप्रति बढ्दो चासो प्रतिबिम्बित गरेका छन् ।

समग्रमा यस साताको मिडिया प्रवृत्तिले नेपाली समाजमा राष्ट्रिय पहिचान, सांस्कृतिक पुनर्जागरण, सुशासन, आर्थिक सुधार तथा लोकतान्त्रिक उत्तरदायित्वप्रति व्यापक बहस र चासो बढ्दै गएको देखाएको छ । प्रस्तुत प्रतिवेदनले समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयहरूको तथ्यपरक, सान्दर्भिक तथा विश्लेषणात्मक चित्र प्रस्तुत गरेको छ ।

**Date: 2083 Jestha 3, Sunday**

# Weekly Media Study Summary– Part 69

This weekly media monitoring report presented by the Nepal Samwad Kendra has been prepared based on the study of news, opinions, analyses and articles published and broadcasted in major national daily newspapers, online portals, print and television media from **Baisakh 28 to Jestha 3, 2083 BS.** During this period, Nepali media gave significant priority to social, cultural, political, diplomatic, educational and economic issues. In particular, topics related to national identity, cultural preservation, good governance, democratic practices, educational reform and economic recovery emerged as major areas of public discourse.

During this period, the media extensively covered the promotion of religious and cultural sites such as Pashupatinath, Lumbini, Janakpurdham and Muktinath, along with the "Devbhoomi Nepal" campaign, "pilgrimage diplomacy," initiatives to enlist Janaki Temple on the World Heritage List, the Guthi system, mother-tongue education and Vipassana meditation. These contents reflected a growing public interest in cultural consciousness, spirituality and civilizational identity in Nepali society. Religious and cultural tourism was presented as being closely linked to the national economy, international recognition and social harmony. In the field of tourism and environment, media prominently highlighted preparations for Everest expeditions, Kailash–Mansarovar pilgrimage routes, Badimalika, the Saptakoshi region, Betana Wetland and the promotion of new tourist destinations. While these reports indicated growing attraction towards sustainable and alternative tourism, concerns were also raised regarding declining tourist spending in Nepal, pointing to the need for improved tourism management and quality services.

On political and democratic issues, the media prioritized discussions related to the government's policies and programs, the role of Parliament, separation of powers, parliamentary dignity, the judiciary, good governance and economic restructuring. Alongside support for government plans and policies, the media also questioned their implementation capacity, transparency and accountability. Reports related to staff downsizing, property investigations, austerity measures in public spending and anti-corruption efforts reflected increasing public expectations for administrative reform and effective governance were included. In the education and social sectors, issues such as education in mother-tongue, learning improvement, Grade 11 enrollment campaigns and the need for moral and spiritual awareness among youth also received attention. Similarly, coverage related to the Indian elections, labor agreements, geopolitics and international relations reflected growing concern regarding Nepal's diplomatic balance and national interests.

Overall, this week's media nature reflected increasing public discourse and concern in Nepali society regarding national identity, cultural revival, good governance, economic reform and democratic accountability. This report presents a factual, relevant and analytical overview of major national and international contemporary issues.

## २०८३ वैशाख २८ गतेदेखि जेठ ३ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम र मुक्तिनाथ क्षेत्रको प्रवर्द्धन गरिने

सरकारले आध्यात्मिक तीर्थ कूटनीतिमार्फत पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम र मुक्तिनाथ क्षेत्रको प्रवर्द्धन गर्ने भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार संसद्को संयुक्त बैठकमा प्रस्तुत गरेका आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा तीर्थ कूटनीतिमार्फत नेपालका मुख्य धार्मिक क्षेत्रको पर्यटन प्रवर्द्धन गरिने उल्लेख छ । धार्मिक, सांस्कृतिक, आरोग्य, अध्ययन, चलचित्र आध्यात्मिक तथा अवकाश पर्यटनको उदाउँदो गन्तव्यका रूपमा विकास गरिने विषयलाई पनि नीति तथा कार्यक्रमले प्राथमिकताका साथ उल्लेख गरेको छ ।बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/social-affairs/pashupatinath-lumbini-janakpurdham-and-muktinath-areas-will-be-promoted-45-32.html**

स्रोत : **https://www.ratopati.com/story/562558/pashupatinath-lumbini-janakpurdham-and-muktinath-areas-will-be-promoted**

### जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन यात्रा

जानकी मन्दिरलाई युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत गराउन 'जनकपुरधाम सम्पदा यात्रा' आयोजना गरिएको छ। शनिबार उक्त सम्पदा यात्राको आयोजना गरिएको हो। जानकी मन्दिर प्राङ्गणबाट शुरु भएको सम्पदा यात्रा जनकपुरधामका सम्पदाहरुको परिक्रमा गरि महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक भवनसम्म पुगेर सकिएको थियो । सम्पदा यात्रमा जानकी मन्दिर, पेठिया बजार, रंगभूमि मैदान, रामजानकी विवाह मण्डप, अरगज्जा पोखरी, राम मन्दिर, धनुष सागर, गंगासागर लगायतका सम्पदाहरुको बाजागाजासहित पद यात्रा गरिएको हो। बाँकी...

स्रोत : **https://shaileenews.com/archives/17749**

### आइतबारदेखि अधिकमास अर्थात् मलमास सुरु हुँदै

प्रत्येक ३२ महिना १६  दिन एक घण्टा ३६ मिनेटमा आउने मलमास अर्थात् अधिकमास आजदेखि सुरु भएको छ। आगामी असार १ गतेसम्म मलमास अथवा अधिकमास रहने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ। ज्योतिषीय गणनाअनुसार ३६५ दिनको वर्ष हुन्छ। वर्षमा सौर र चान्द्रमास हुन्छन् । दुवैलाई समन्वय गर्न ३२ महिना १६  दिन एक घण्टा ३६ मिनेटमा मलमास वा अधिकमास आउँछ। एउटा औँसीदेखि अर्को औँसीसम्म सङ्क्रान्ति छैन भने त्यो महिनालाई मलमास वा अधिकमास भनिने भनेर विभिन्न शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको ज्योतिष एवं वास्तुविद् शिवप्रसाद पोखरेलले बताउनुभयो । चान्द्र महिनामा दुई वटा सङ्क्रान्ति पऱ्यो भने क्षयमास भनिन्छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/206147**

## श्रेय र प्रेयको दोबाटो

मानव जीवन निर्णयको एउटा अविरल शृङ्खला हो । जन्मदेखि मृत्युसम्मको यात्रामा यस्ता अनेकौँ दोसाँधमा उभिन्छौँ, जहाँ एउटा बाटोको छनोटले भविष्यको सम्पूर्ण नक्सा नै बदलिदिने सामर्थ्य राख्छ । यही मानवीय दुबिधा र छनोटको मनोविज्ञानलाई चित्रण गरी अमेरिकी कवि रोबर्ट फ्रस्टले आफ्नो कालजयी कविता 'दी रोड नट टेकन' मार्फत अत्यन्तै घनीभूत रूपमा प्रस्तुत गरेका छन् । सन् १९१६ मा प्रकाशित यो कविता हरेक व्यक्तिको आन्तरिक सङ्घर्षको ऐना हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/206080**

## गुठी : भौतिक र अभौतिक सम्पदाको आत्मा

गुठी विना भौतिक संरचना मात्र रहन्छ, त्यसभित्रको संस्कार, पूजा, परम्परा हराउन सक्छ । त्यसैले हाम्रो जीवन पद्धति, भौतिक/अभौतिक सम्पदा संरक्षण, सञ्चालनदेखि राष्ट्रको मौलिक पहिचान विलय हुन नदिन गुठी व्यवस्थाको आत्माको रूपमा रहेका भौतिक र अभौतिक सांस्कृतिक सम्पदा बचाउन समयमै जागरुक हुनुपर्छ । गुठी भन्नाले दाताले सार्वजनिक हितको लागि आफ्नो हक छाडी राखिदिएको सम्पत्ति भन्ने बुझिन्छ । सामाजिक सहकार्र्यमा आधारित भएर गरिने व्यवस्था नै गुठी हो । गुठी भनेको सभ्यता, संस्कृति एवं विविधताको अनुपम रूप हो, जग्गा मात्र होइन । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1929027/guthi-the-spirit-of-material-and-immaterial-heritage**

## मातृभाषा शिक्षा कार्यान्वयन र चुनौतीहरु

नेपालको जनगणना वि.सं. २०७८ अनुसार खस भाषा मातृभाषा हुने नेपालीको संख्या ४४.९ प्रतिशत रहेको छ भने १ लाखभन्दा बढी वक्ता हुने मातृभाषा २१ वटा रहेका छन् । सो जनगणनाअनुसार नेपालको जनसंख्या २,९१,६४,५७८ रहेको छ । जनसांख्यिक संरचना र बदलिँदो विश्वपरिवेशलाई ध्यानमा राखी अन्तर्राष्ट्रिय भाषाको रुपमा अंग्रेजी, राष्ट्रिय भाषाको रुपमा खस भाषा र स्थानीय भाषाको रुपमा मातृभाषाको अध्ययन अध्यापन गरी बहुभाषिक नीतिलाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/11/767748/**

## हजार वर्षपछि 'माया' सभ्यता हेर्दा जे देखेँ...

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी पासपोर्टमा आफ्नै फोटो छाप्ने निर्णय सार्वजनिक गरेको ठ्याक्कै हप्तादिन पहिले 'माया' सभ्यताको खण्डहर हेर्न 'कोष्टामाया' मा थिएँ । घना जंगलले ढाकिएको मैदानी भागमा बुच्काबुच्की जस्ता देखिने थुम्काहरूमाथि उत्खननन् गरिएका पिरामिड ढुंगैढुंगाको थुम्को देखिन्थ्यो । कतिले स्याहारसम्भार पाएका, कति त्यतिकै छाडिएका । पिरामिड अघि उभिँदा मलाई लाग्यो – दुई हजार वर्ष पहिले, बिना प्रविधि कसरी बनाए होलान् यस्तो भिमकाय ढुंगाको पहाड ? बाँकी...

स्रोत:**https://www.setopati.com/opinion/389085?fbclid=IwY2xjawR0HExleHRuA2FlbQIxMABicmlkETFnQ3U5cGlpaE5qRFhUdkF6c3J0YwZhcHBfaWQQMjIyMDM5MTc4ODIwMDg5MgABHrUBhynXcJIHALHBrWLybNno3hhsp_NGvlz-N0uVtOhYF_6ajp6aAVPcJ0cN_aem_oZnTBxYx_wibM**

## सरकारले ‘देवभूमि नेपाल’ अभियान चलाउने, ‘तीर्थ कूटनीति’मार्फत् धार्मिक क्षेत्र प्रवर्द्धन गर्ने

सरकारले नेपाललाई विश्व आध्यात्मिक पर्यटन केन्द्रका रूपमा स्थापित गर्न ‘देवभूमि नेपाल’ राष्ट्रिय अभियान सञ्चालन गर्ने भएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार संघीय संसदमा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा सो कुरा उल्लेख छ।साथै पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम र मुक्तिनाथ क्षेत्रको प्रवर्द्धन पनि गरिने छ। तीर्थ कूटनीतिमार्फत नेपालका मुख्य धार्मिक क्षेत्रको पर्यटन प्रवर्द्धन गरिने उल्लेख छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1929437/the-government-will-launch-the-dev-bhoomi-nepal-campaign-and-promote-the-religious-sector-through-pilgrimage-diplomacy**

## विपश्यना : कोलाहलबीच शान्तिको खोजी

“विपश्यनामा हुने एकमात्र रूपान्तरण भनेको दुःखबाट सुखमा, र बन्धनबाट मुक्तिमा हुने रूपान्तरण हो।” वास्तवमै आजको दौडधुप र अस्तव्यस्त संसारमा, आन्तरिक शान्तिको खोजी पहिले भन्दा धेरै जटिल बनेको छ। निरन्तरको सूचना प्रवाह, दैनिक दिनचर्या र आजको समाजको जटिल कार्यप्रणालीले गर्दा मानिसहरूमा तनाव र बोझ महसुस हुनु स्वाभाविक हो। यस कोलाहलको बीचमा, मनको शान्ति र आफूलाई अझ राम्ररी बुझ्न चाहने व्यक्तिहरूका लागि विपश्यना ध्यानको प्राचीन अभ्यासले गहिरो र दिगो समाधान प्रदान गर्दछ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1925123/vipassana-finding-peace-amidst-the-noise**

## युवालाई समथ एवं विपश्यना ध्यानको अत्यावश्यकता

वैज्ञानिक अनुसन्धानहरूले पनि के देखाएका छन् भने, नियमित समथ ध्यान गर्नेहरूको मस्तिष्कमा सकारात्मक परिवर्तन आउँछ; रक्तचाप सामान्य हुन्छ; मानसिक स्वास्थ्यमा सुधार आउँछ; र मीठो निद्रा लाग्न थाल्छ। विद्यार्थीहरूका लागि यो ध्यान विशेष फाइदाजनक छ किनभने यसले सिक्ने क्षमता र स्मरणशक्ति बढाउँछ। आज हामी एक्काइसौं शताब्दीको तेस्रो दशकमा बाँचिरहेका छौं। प्रविधिको विकास चरम सीमामा पुगेको छ जसले गर्दा विश्व नै एउटा गाउँ भएको छ; विश्वग्राम नै हरेक व्यक्तिको हत्केलामा अटाएको छ। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/01/1845370/**

## ‘बुद्ध धर्म र व्यवसाय’माथि अन्तरक्रिया सम्पन्न

महायान बौद्ध समाजद्वारा आयोजित अन्तरक्रियात्मक कार्यक्रममा कल्पना शाक्यले ‘बुद्ध धर्म र व्यवसाय’ विषयक कार्यपत्र प्रस्तुत गरेकी छन्। आइतबार (वैशाख २७) चिवहाल, ठमेलमा आयोजित कार्यक्रममा प्रस्तुत कार्यपत्रमार्फत शाक्यले बौद्ध साहित्यमा उल्लिखित व्यवसाय, यसका सूत्र, व्यापार-व्यवसायमा बुद्ध शिक्षाको महत्त्वलगायत विषय प्रस्तुत गरिन्। उक्त कार्यपत्रमाथि रवीन्द्र बज्राचार्यले टिप्पणी गरे। उनले अरूलाई हानि-नोक्सानी नगरी व्यवसाय गर्न भगवान् बुद्धले जोड दिएका उल्लेख गरे। बाँकी...

स्रोत : **https://baahrakhari.com/detail/487337**

## मत्स्यनारायणमा एक महिने मेला सुरु, भक्तजनको घुइँचो

काठमाडौंको मच्छेगाउँमा रहेको मत्स्यनारायण मन्दिरमा एक महिने पुरुषोत्तम मास (अधिक मास) मेला प्रारम्भ भएको छ । 'मलमास मेला'का रूपमा समेत परिचित यस अवधिमा काठमाडौं उपत्यकासहित देशभरबाट लाखौँको सङ्ख्यामा श्रद्धालु भक्तजनहरूको आगमन हुने गर्दछ । धार्मिक मान्यताअनुसार पुरुषोत्तम मासमा भगवान नारायणको श्रद्धापूर्वक पूजा-आराधना गर्नाले सम्पूर्ण पाप नष्ट भई पुण्य प्राप्त हुने जनविश्वास रहेको छ । सोही विश्वासका साथ मेला अवधिभर मच्छेनारायण मन्दिरमा दर्शन तथा पूजाआजाका लागि भक्तजनको घुइँचो लाग्ने गर्दछ । बाँकी...

स्रोत : [https://www.onlinekhabar.com/2026/05/1933348/month-long-fair-begins-at-matsyanarayan-crowds-of-devotees](https://www.onlinekhabar.com/2026/05/1933348/month-long-fair-begins-at-matsyanarayan-crowds-of-devotees)

## मानवसेवा आश्रमको महायज्ञमा तीन करोडभन्दा बढी सङ्कलन

मानवसेवा आश्रमले पोखरामा आयोजना गरेको श्रीमद्भागवत सप्ताह ज्ञान-विज्ञान महायज्ञबाट रु तीन करोड तीन लाख सङ्कलन भएको छ । मानवसेवा आश्रम पोखरा शाखाको निर्माणाधीन भवन सम्पन्न गर्नका लागि अर्थसङ्कलन गर्ने उद्देश्यले यही वैशाख १९ देखि २६ गतेसम्म पोखरा-२५ हेमजास्थित आश्रम प्राङ्गणमा महायज्ञ लगाइएको थियो । बाँकी...

स्रोत : [https://www.ratopati.com/story/562167/more-than-30-million-rupees-collected-in-manav-seva-ashrams-mahayagya](https://www.ratopati.com/story/562167/more-than-30-million-rupees-collected-in-manav-seva-ashrams-mahayagya)

## मधेशमा उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनामा चलखेल, कर्मचारीकै सरुवा

पर्यटन विकास कार्यालय गौर, रौतहटले १४ वैशाखमा उपभोक्ता समिति गठन गर्न जारी गरिएका पत्रहरू रद्द गरिएको सूचना प्रकाशित गऱ्यो । 'यस कार्यालयको नामबाट विगतमा विभिन्न उपभोक्ता समितिसम्बन्धी जारी गरिएका सम्पूर्ण पत्रहरू आजको मितिदेखि रद्द गरिएको जानकारी सम्बन्धित सबैका लागि सूचित गरिन्छ,' सूचनामा उल्लेख छ । कार्यालय प्रमुख बबिता जैसवालले जारी गरेको सूचनामा भनिएको छ, 'यस कार्यालयबाट जारी गरिएका पूर्वका सबै पत्रहरू प्रशासनिक तथा प्राविधिक कारणवश अबदेखि मान्य नहुने भएकाले सो सम्बन्धमा कुनै पनि कार्य नगर्न/नगराउन अनुरोध गरिन्छ । बाँकी...

स्रोत : [https://www.onlinekhabar.com/2026/05/1928617/madhesh-government-mismanagement-in-the-plan-to-be-implemented-by-the-consumers-committee-transfer-of-employees](https://www.onlinekhabar.com/2026/05/1928617/madhesh-government-mismanagement-in-the-plan-to-be-implemented-by-the-consumers-committee-transfer-of-employees)

## शिव अङ्कित पहाडले तान्दै पर्यटक

अर्घाखाँची र कपिलवस्तुको सिमानामा रहेको पहाड अहिले आन्तरिक पर्यटनको आकर्षक गन्तव्य बन्दै गएको छ। प्राकृतिक सौन्दर्य, धार्मिक आस्था र सामाजिक सञ्जालको प्रभावले यो स्थान छोटो समयमै चर्चित बनेको हो। मनमोहक दृश्य र शान्त वातावरणका कारण यहाँ पर्यटकको चहलपहल बढ्दो छ। महेन्द्र राजमार्ग अन्तर्गत पर्ने यो स्थान अर्घाखाँचीको शीतगङ्गा नगरपालिका-११ र कपिलवस्तुको शिवराज नगरपालिका-१ मा फैलिएको छ। केही वर्षअघिसम्म सामान्य चट्टानी पहाडका रूपमा चिनिने यो क्षेत्र अहिले दैनिक सयौँ पर्यटकको गन्तव्य बनेको छ। बाँकी...

स्रोत : [https://gorkhapatraonline.com/news/206217](https://gorkhapatraonline.com/news/206217)

## सप्तकोशी क्षेत्रमा पर्यटन व्यवसाय फस्टाउँदै

उदयपुर र सुनसरी जिल्लाको सिमा भएर बग्ने सप्तकोशी नदी किनाराको उदयपुरको क्षेत्रमा पर्यटन व्यवसाय फस्टाउँदै गएको छ । अत्यन्त रमणिय क्षेत्र रहेकोले यस क्षेत्रमा होटल रिसोर्ट तथा ४ वर्ष अघिदेखि संचालनमा आएको जल पर्यटन व्यवसाय अहिले फस्टाउँदै गएको छ। यस व्यवसायले आर्थिक रुपले उदयपुर जिल्लाको बेलका नगरपालिका, सुनसरीको बराहक्षेत्र नगरपालिकालाई बढी फाइदा भएको छ भने यातायातको अभावलाई समाधान गर्न जेटबोट सानो पानी जहाज कोशी पुल बराहषेत्रदेखि भोजपुरसम्म संचालनमा आएपछि सहजता भएको छ। बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/11/767757/**

## हिमाल चढाउने नेपाली

आठ हजार मिटर अग्ला १४ वटै हिमाल आरोहण गरेका पहिलो नेपाली हुन्, मिङ्मा शेर्पा (४७)। डेढ दशकयता उनी संसारभरका आरोहीहरूलाई हिमाल चढाउने काम गरिरहेका छन् । चार दाजुभाइ मिलेर मिङ्माले सन् २००९ मा स्थापना गरेको सेभेन समिट ट्रेक्स कम्पनीले नेपाल मात्र नभएर पाकिस्तान र तिब्बत (चीन) मा समेत पर्वतारोहणअन्तर्गत गाइडिङदेखि बन्दोबस्तीको व्यवस्था र आरोहीको सुरक्षासम्मका सम्पूर्ण प्याकेजको काम गर्छ । यो चुनौतीपूर्ण र साहसिक काममा मिङ्माको कम्पनीलाई भ्याइनभ्याइ हुन्छ। "हिमाल चढ्ने धेरै मानिस पहिले विदेशी कम्पनीको सम्पर्क पुग्थे, अहिले सिधै हामीसँग आउँछन्," उनी भन्छन्, "विदेशी कम्पनीको सम्पर्कबाट पनि आउनेहरू नभएका होइनन्, तर त्यो संख्या सानो छ ।" बाँकी... स्रोत : **https://nepalnews.com/2026/05/11/nepali-mountain-climbers/**

## सगरमाथा आरोहणको बाटो तयार

सर्वोच्च शिखर सगरमाथा आरोहणका लागि बाटो निर्माण सम्पन्न भएको छ । वसन्तयामको सगरमाथा आरोहणका लागि सगरमाथा प्रदूषण नियन्त्रण समिति नाम्चेको आयोजनामा आठ जना आइसफल डाक्टरको टोलीले सगरमाथा आधार शिविरबाट क्याम्प-२ सम्म निर्माण गरेपछि त्यसभन्दा माथि एक्सपिडिसन अपरेटर एसोसिएसन अफ नेपालले चुचुरोसम्मको बाटो तयार गरेको हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/205899**

## बडिमालिका जाने पर्यटक बढे

धार्मिक तथा पर्यटकीय स्थल बडिमालिकाको चर्चा चुलिँदो छ। पछिल्लो समय बडिमालिका जानेको संख्या बढिरहेको छ। प्रधानमन्त्री बालेन शाहले चुनावी प्रचारका क्रममा कैलालीको धनगढीमा 'स्विजरल्याण्डको बाउ' बडिमालिका यहीँ रहेको भन्दै अभिव्यक्ति दिएपछि झन् यसको चर्चा चुलिएको हो । प्रधानमन्त्री बालेनले बडिमालिका बारेमा अभिव्यक्ति दिएपछि अहिले धार्मिक पर्यटकहरूको संख्या बढिरहेको पदप्रदर्शक (गाइड) नर बहादुर रावल बताउँछन् । सरकारले १०० कार्यसूचीमा पनि बडीमालिकालाई समेटेको छ । बडिमालिका समुद्री सतहबाट ४ हजार २ सय मिटर उचाइमा छ। पछिल्ला दिनहरुमा प्रचारप्रसार बढेसँगै यहाँ आउनेको संख्यामा वृद्धि भइरहेको बडिमालिका नगरपालिका नगरप्रमुख अम्मर बहादुर खडका बताउँछन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1931458/tourists-visiting-badimalika-increase-photos**

## पर्यापर्यटनको नयाँ गन्तव्य बन्दै 'वेतना सिमसार'

प्राकृतिक सौन्दर्यले भरिपूर्ण मानिएको वेतना सिमसार पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा परेको छ। पर्यापर्यटनसहितको पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै गएको वेतना सिमसारमा स्वदेशी तथा विदेशी विश्वविद्यालयबाट विद्यार्थीहरू अनुसन्धानका लागि आउने क्रम बढेको हो। पहिला वनभोज खान र घुमघामका लागि मात्र आन्तरिक पर्यटक आउने गरेकामा पछिल्लो समय सिमसार क्षेत्रमा जीवजन्तुको अनुसन्धान गर्ने उद्देश्यले विद्यार्थीहरू आउने क्रम बढेको वेतना सिमसार सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष शम्भु भट्टराईले बताए। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1932417/wetna-simsar-becoming-a-new-tourism-destination**

## मानसरोवर कैलाश दर्शनका लागि हुम्ला भित्रिन थाले तीर्थयात्री

वर्षायाम सुरु भएसँगै मानसरोवर कैलाश दर्शन गर्न जाने भारतीय धार्मिक पर्यटकको सङ्ख्या सिमकोटमा बाक्लिन थालेको छ। सिजन सुरु भएपछि नेपालगन्जबाट हवाईमार्ग हुँदै जिल्ला सदरमुकाम सिमकोटबाट हिल्सा भएर चीनको मानसरोवर कैलाश पर्वतको दर्शन गर्न पर्यटक आउन सुरु भएको चार दिनमा मात्र १६९ जना आइपुगेका छन्। हुम्ला हुँदै कैलाश मानसरोवर दर्शनका लागि सिमकोट विमानस्थलमा १६९ तीर्थयात्री आएका सिमकोट विमानस्थलका प्रमुख महेन्द्र सिंहले बताए। उनका अनुसार वैशाख ३० गतेदेखि आउन सुरु गरेका यात्रीमध्ये चार दिनमा भारतीय १४७ र अन्य देशका २२ यात्री सिमकोटमा आएका हुन्। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1933167/pilgrims-begin-entering-humla-to-visit-mansarovar-kailash**

## Deaf Guides Lead New Era of Inclusive Tourism in Nepal

Examples of silent dialogue are now being seen on Nepal's trekking routes. that dialogue is not of words, but of sign language. the increasing participation of deaf trekking guides marks the beginning of a new chapter of inclusive practice in Nepal's tourism sector. choprasad Poudel of Kalika Rural Municipality-5, Rasuwa district, and Chhiri Sherpa of Solukhumbu are representative figures of this new chapter of change. बाँकी... स्रोत : **https://english.ratopati.com/story/63030/deaf-trekking-guide-introduces-mountains-in-sign-language**

## लमजुङको भुजुङ : मौलिक संस्कृति बोकेको पर्यटकीय गाउँ

हरियाली डाँडाकाँडा, ढुङ्गाले बनेका र छाएका परम्परागत घर, खेतबारीमा व्यस्त स्थानीय र गुरुङ संस्कृतिको जीवन्त पहिचान बोकेको लमजुङको भुजुङ गाउँ पछिल्ला वर्षमा आन्तरिक तथा बाह्य पर्यटकको रोजाइ बन्दै गएको छ। सदरमुकाम बेँसीसहरबाट करिब ३२ किलोमिटर उत्तरपश्चिममा पर्ने क्व्होलासोथार गाउँपालिका-४ स्थित भुजुङ समुद्री सतहदेखि करिब एक हजार ६०० मिटर उचाइमा अवस्थित छ। गुरुङ समुदायको बाक्लो बसोबास रहेको यो गाउँ परम्परागत संस्कृति, मौलिक जीवनशैली र आत्मीय आतिथ्यका कारण लमजुङको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा परिचित हुँदैछ। बाँकी...

स्रोत : **https://khabarhub.com/2026/16/970222/**

## सांकेतिक भाषामा हिमाल चिनाउँदै बहिरा ट्रेकिङ गाइड

नेपालको हिमाली पदमार्गमा अहिले मौन संवादका उदाहरणहरु देखिन थालेका छन् । त्यो संवाद शब्दको होइन, सांकेतिक भाषाको हो । बहिरा ट्रेकिङ गाइडहरूको बढ्दो सहभागिताले नेपालको पर्यटन क्षेत्रमा समावेशी अभ्यासको नयाँ अध्याय सुरु भएको देखिन्छ । रसुवा जिल्ला कालिका गाउँपालिका-५ का चोपप्रसाद पौडेल र सोलुखुम्बुका छिरी शेर्पा यस परिवर्तनको नयाँ अध्यायका प्रतिनिधि पात्र बनेका छन् । हिमाली पदमार्गका उकालीहरु केवल शारीरिक सहनशीलताले मात्र पार हुँदैनन्, त्यसका लागि आत्मविश्वास, साहस र अवसर पनि उत्तिकै आवश्यक पर्छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/563592/deaf-trekking-guide-introduces-mountains-in-sign-language**

## 13,500 visit Rara in nine months

More than 13,500 domestic and foreign tourists have visited the Rara Lake, one of the famous tourist destinations of Karnali Province, over the past nine months. with the start of the travel season to Rara, the number of domestic tourists has also increased in recent days. according to the office of Rara National Park, a total of 13,545 domestic and foreign tourists visited Rara during the last nine months. these visitors travelled to Rara by both air and land routes. Situated at an altitude of 2,900 metres above sea level, Rara Lake has increasingly become a preferred destination among domestic tourists. बाँकी...

स्रोत : **https://risingnepaldaily.com/news/80389**

## विपत् जोखिम न्यूनीकरणको पूर्वतयारी थालिँदै

जल तथा मौसम विज्ञान विभागले आगामी जेठ १८ गतेदेखि मनसुन प्रारम्भ हुने अनुमान गरेसँगै त्यसको पूर्वतयारीमा यहाँका स्थानीय तह जुटेका छन् । मनसुनजन्य विपत्को उच्च जोखिममा रहेका क्षेत्रमा पूर्वसावधानी अपनाउनका लागि पूर्वतयारी थालिएको यहाँका नौ वटै स्थानीय तहले जनाएका छन् । जेनजी आन्दोलनका क्रममा खोज तथा उद्धार सामग्री नष्ट भएपछि विभिन्न सङ्घ संस्थाको सहयोगमा आवश्यक सामग्री खरिदको कार्य अगाडि बढाइएको पुनर्वास नगरपालिकाका विपत् सम्पर्क व्यक्ति ओमनाथ ढकालले बताउनुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/206224**

## मानसरोवर कैलाश यात्रामा चहलपहल बढ्यो

वर्षा याम सुरु भएसँगै मानसरोवर कैलाश दर्शन गर्न जाने भारतीय धार्मिक पर्यटकको सङ्ख्या सिमकोटमा बाक्लिन थालेको छ । सिजन सुरु भएपछि नेपालगन्जबाट हवाईमार्ग हुँदै जिल्ला सदरमुकाम सिमकोटबाट हिल्सा भएर चीनको मानसरोवर कैलाश पर्वतको दर्शन गर्न पर्यटक आउन सुरु भएको चार दिनमा मात्र १६९ जना आइपुगेका छन् । हुम्ला हुँदै कैलाश मानसरोवर दर्शनका लागि सिमकोट विमानस्थलमा १६९ तीर्थयात्री आएका सिमकोट विमानस्थलका प्रमुख महेन्द्र सिंहले बताए। उनका अनुसार वैशाख ३० गतेदेखि आउन सुरु गरेका यात्रीमध्ये चार दिनमा भारतीय १४७ र अन्य देशका २२ यात्री सिमकोटमा आएका हुन् । बाँकी... स्रोत : **https://nagariknews.nagariknetwork.com/social-affairs/169-pilgrims-entered-in-four-days-br-21-68.html**

## मुस्ताङ घुम्दा छिङ्हाईको झल्को

ल्होमन्थाङ घुम्ने अनि कोरला नाका पुगेर २४ नम्बरको पिल्लरमा उभिएर तस्बिर खिच्ने रहर अधुरो अधुरो बन्दै आएको थियो । नेपालका ६५ भन्दा बढी जिल्लाको माटोसँग स्पर्श गरेको मलाई एक पटक मुस्ताङ जाने, मार्फागाउँ घुम्ने हुटहुटी थियो । जोमसोम टेक्ने, मुक्तिनाथको दर्शन गर्ने, कागबेनी हुँदै कालीगण्डकीको तटैतट कोरला नाकासम्म पुग्ने रहर केवल रहरमै सीमिति थियो । श्रीमतीजीले मुक्तिनाथ दर्शनका लागि गरेको भाकल अनि कालीगण्डकीको तट कागबेनीमा पुगेर दिवङ्गत पितृको नाममा पिण्डदान र तर्पण दिने ७० बर्से आमाको इच्छा पूरा गर्ने अवसर मिलिरहेको थिएन ।

**https://gorkhapatraonline.com/news/206081**

## नयाँ पर्यटकीय गन्तव्यको प्रवर्द्धनमा सुदूरपश्चिम सरकारको प्राथमिकतामा

नेपाल सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा सुदूरपश्चिम प्रदेशलाई विशेष प्राथमिकतामा राख्दै नयाँ पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन गर्ने घोषणा गरेको छ । सोमवारको सङ्घीय संसद्को बैठकमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले सुदूरपश्चिमसहित कर्णाली, मधेश र कोशी प्रदेशलाई प्राथमिकतामा राखेर पर्यटन विकास गरिने बताए । सरकारले यी क्षेत्रमा रहेका सम्भावित पर्यटकीय स्थलहरूलाई नयाँ गन्तव्यका रूपमा विकास गरी आन्तरिक तथा बाह्य पर्यटन आकर्षित गर्ने लक्ष्य लिएको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/562575/far-western-government-prioritizes-promotion-of-new-tourist-destinations**

## पर्यटकले नेपालमा गर्ने खर्च घट्यो

विदेशी पर्यटकले नेपालमा गर्ने खर्च घटेको छ । नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को ९ महिना (चैत मसान्त) सम्म भ्रमण आय ३.८ प्रतिशतले गिरावट आएको छ । चैतसम्म विदेशी पर्यटकले नेपालमा गरेको खर्च ६४ अर्ब १० करोड रुपैयाँ कायम भएको छ । अघिल्लो आव सोही महिनामा सेवा आय ६६ अर्ब ६६ करोड थियो । एकातर्फ विदेशी पर्यटकले गर्ने खर्च घट्नु र अर्कातर्फ शिक्षा तथा नेपालीले विदेशमा गर्ने खर्च बढ्दा सेवा खाता घाटा उच्च छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1929242/tourist-spending-in-nepal-has-decreased**

## मेची पुलबाट 'मेची-महाकाली राष्ट्रिय उद्धार यात्रा' सुरु

मानव सेवा आश्रमले सडकपेटीमा कसैले पनि कष्टकर जीवनयापन गर्न नपरोस् भनेर 'मेची-महाकाली राष्ट्रिय उद्धार यात्रा-२०८३' सुरु गरेको छ । पूर्वीनाका काँकरभिट्टास्थित मेची पुलमा सोमबार साँझ दीप प्रज्ज्वलन गरी सुरु भएको उद्धार यात्रा जेठ २२ गतेसम्म देशव्यापी रूपमा सञ्चालन हुने जनाइएको छ । आनी छोइङ डोल्मा फाउन्डेसनकी संस्थापक एवं गायिका आनी छोइङ डोल्मा, मानव सेवा आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारी र मेचीनगर नगरपालिकाकी उपप्रमुख मीना उप्रेतीले शुभारम्भ समारोहलाई संक्षिप्त सम्बोधन गर्नुभएको थियो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/205470**

## यस वर्ष मनसुनमा २ लाख जनसंख्या प्रभावित हुने आकलन, लुम्बिनी बढी जोखिममा

सरकारले यस वर्ष मनसुनजन्य विपदबाट देशभर २ लाख जनसंख्या मात्र प्रभावित हुने आकलन गरेको छ । राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको विवरणमा यस वर्ष बाढी, पहिरो जस्ता प्राकृतिक विपदबाट ५१ हजार ८६८ घरपरिवारका २ लाख २६ हजार ६६१ जनसंख्या प्रभावित हुने आकलन गरिएको हो । पूर्वाधार विकासमन्त्री सुनिल लम्सालको अध्यक्षतामा बिहीबार सिंहदरबारमा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८३' स्वीकृत समेत गरेको छ ।
बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1931961/nearly-200000-people-are-estimated-to-be-affected-by-this-years-monsoon-with-lumbini-at-greater-risk**

## युद्धले कृषिमा नोक्सान : प्राकृतिक खेती दिगो समाधान

आजको विश्व संकटले रासायनिक कृषि प्रणाली जोखिमपूर्ण भएको स्पष्ट देखाएको छ । यही कारण प्राकृतिक खेती अब परम्परागत अभ्यास मात्र रहेन; दिगो विकास, स्वस्थ माटो, खाद्य सुरक्षा र किसानको आर्थिक स्थायित्वतर्फको रणनीतिक मार्ग बनेको छ। दक्षिण तथा दक्षिण पूर्व एशियाका खेतहरूमा रोपाइँको मौसम शुरु भइसकेको छ । तर किसानहरूको हातमा पर्याप्त मल छैन । कतिपय ठाउँमा मल ढिलो आइरहेको छ, कतै अत्यधिक महँगो भएको छ र कतिपय किसानले त यस वर्ष मल नै नपाउने अवस्था देखिरहेका छन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1931911/war-damages-agriculture-natural-farming-is-a-sustainable-solution**

## भारतीय निर्वाचनमा वामपन्थी

अहिले भारतको कुनै पनि राज्यमा कम्युनिस्ट शासन छैन । सन् २०२६ को विधान सभा चुनावमा कम्युनिस्ट सरकार रहेको केरलामा भारतीय कम्युनिस्ट पार्टी मार्क्सवादी पराजित भएसँगै यो अवस्था आएको हो । यसलाई स्वतन्त्रतापछि भारतको राजनीतिक इतिहासमा महत्वपूर्ण घटनाका रूपमा लिइएको छ । भारतमा कम्युनिस्टरू सत्तामा आउने सम्भावनामा पूर्णविराम लागेको अवस्थाका रूपमा पनि यस घटनालाई चित्रण गर्न थालिएको छ । चुनावअघिसम्म सत्तारूढ भारतीय कम्युनिस्ट पार्टी (भाकपा) मार्क्सवादी केरलामा प्रमुख प्रतिपक्षी बनेको थियो । कुनै बेला भारतमा वामपन्थीहरूको उर्वर भूमि मानिएको पश्चिम बङ्गालको विधान सभा चुनावमा एक सिट मात्र जितेको छ कम्युनिस्ट पार्टीले । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/205251**

## भूराजनीतिमा अडिएको परराष्ट्र सम्बन्ध

नेपालले 'नागरिक सर्वोच्चता'को सिद्धान्त ग्रहण गर्दै राजनीतिक प्रणालीको जग 'मौलिक सभ्यता र संस्कृति'लाई मान्नुपर्छ । विश्व कता जाँदैछ ? यस प्रश्नको उत्तरमा जन्मिएका तर्कहरू जतातत‌ै विरोधाभाषपूर्ण छन्, नयाँ भाष्यको निर्माण पनि गर्दैछन् । एउटा नयाँ विश्वको रेखांकन पनि गर्दैछन्। चिनियाँ अन्तर्राष्ट्रिय सम्बन्धका बारेमा बोलिरहने चिनियाँ विद्वान् भिक्टर गाओ भन्छन्, 'चीनलाई कमजोर नठान। हामी पहिलो गोली हान्दैनौं । जसले पहिलो गोली हान्छ, त्यसलाई दोस्रो गोली हान्न बाँकी नै राख्दैनौं' । बाँकी... स्रोत : **https://www.annapurnapost.com/story/499607/**

## ट्रेड युनियन खारेजीविरुद्ध कर्मचारीहरूले आईएलओमा दिए उजुरी

खारेजीमा परेका निजामती कर्मचारी सङ्गठनहरूले अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) गुहारेका छन्। आफ्नो खारेजी असंवैधानिक र अन्तर्राष्ट्रिय अभिसन्धी विपरित भएको भन्दै स्वीजरल्यान्डको जेनेभामा रहेको मुख्य कार्यालयमा उनीहरूले उजुरी दर्ता गराएका हुन् । उजुरीमा नेपालमा क्रियाशील सम्पूर्ण ट्रेड युनियन सङ्गठनहरूको सहभागिता रहेको विगठित नेपाल निजामती कर्मचारी सङ्गठनकी अध्यक्ष भवानी दाहालले जानकारी दिइन् । बाँकी... स्रोत : **https://www.ratopati.com/story/562190/employees-file-complaint-with-ilo-against-trade-union-dissolution?**

## क्यालिफोर्नियामा 'नेपाल उत्सव' को आयोजना

अमेरिकाको क्यालिफोर्नियास्थित सान फ्रान्सिस्कोमा 'नेपाल उत्सव' सम्पन्न भएको छ । नेपाली कला, संस्कृति, वेशभूषा र परम्परालाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने उद्देश्यले आयोजित यस कार्यक्रममा अमेरिकाका विभिन्न सहरबाट नेपाली समुदायको बाक्लो उपस्थिति थियो । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) क्यालिफोर्निया र अन्य स्थानीय संस्थाहरूको संयुक्त आयोजनामा यो उत्सव सम्पन्न भएको हो । उत्सवको मुख्य आकर्षण सान फ्रान्सिस्को सिटी हलबाट सुरु भएको 'नेपाल डे परेड' रह्यो । एम्बार्काडेरो प्लाजासम्म करिब १.६ माइल दूरीमा सञ्चालन गरिएको उक्त परेडका लागि सहरको मुख्य मार्केट स्ट्रिटमा सवारी आवागमन बन्द गरिएको थियो । बाँकी...

स्रोत : **https://deshsanchar.com/2026/05/11/1180087/**

## सात देशसँग श्रम सम्झौता प्रक्रिया अघि बढ्यो

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीका लागि थप सात मुलुकसँग द्विपक्षीय श्रम सम्झौता गर्ने प्रक्रिया अघि बढाएको छ । मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकलाई सम्बोधन गर्दै मन्त्रालयका सचिव डा. दीपक काफ्लेले पुनः श्रम स्वीकृति प्रक्रियालाई पूर्ण रूपमा स्वचालित (अटोमेसन) बनाउने तयारी भइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार पुनः श्रम स्वीकृतिसम्बन्धी नीतिगत व्यवस्था सुधार गर्ने प्रस्ताव मन्त्रालयमा प्राप्त भइसकेको छ र यसलाई छिट्टै टुंगोमा पुऱ्याइनेछ । सचिव काफ्लेले अबको एक-दुई दिनभित्र सम्बन्धित अधिकारीहरूसँग छलफल गरी कानुनी तथा प्राविधिक निरूपण गरिने बताउनुभयो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/205959**

## शक्ति पृथकीकरण : लोकतन्त्रको प्राण

शक्ति सन्तुलनले नै राज्यलाई जनमुखी र जवाफदेही बनाउँछ। नेपाली जनताले खोजेको विधिको शासनको मर्म पनि यही हो । लोकतन्त्रमा राज्य शक्ति पृथकीकरणको सिद्धान्तबाट चल्नुपर्छ । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबीच सन्तुलन हुनुपर्छ। यस्तो सन्तुलनले नै राज्यलाई सहज गति दिने गर्छ । यस्तै सन्तुलित अभ्यासले कुनै पनि अंगको निरंकुशतालाई रोक्छ । राज्य शक्ति कहिल्यै एकै ठाउँमा केन्द्रित हुनु हुँदैन। त्यसैले संविधान र कानुनले निश्चित सीमाहरू तोकेका हुन्छन्। कानुनका प्रावधानबीच कुनै पनि विरोधाभास हुनुहुँदैन । नेपालको संविधानले अधिकार र सीमाहरू स्पष्ट पारेको छ । बाँकी...

स्रोत : **https://www.annapurnapost.com/story/499545/**

## लोकतन्त्रमा संसद्को गरिमा

प्रतिनिधि सभाको आफ्नै गरिमा हुन्छ । सभाको गरिमा राख्ने जिम्मेवारी नागरिकबाट चुनिएर आएका प्रतिनिधिको हो । उनीहरूले बोल्ने क्रममा पनि गरिमामय संसद् भनेर सम्बोधन गर्छन् । संसद्लाई गरिमामय भनिरहँदा त्यसको मर्यादा नाघेर सम्बोधन गर्ने हक कुनै पनि सांसदलाई छैन/दिनु हुँदैन । संसद्को रोस्टममा उभिएर बोल्ने जनसरोकारका विषयमा हो । संसद्लाई कुनै व्यक्ति वा संस्थाको आलोचना गर्ने थलो बनाइनु हुन्न । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/206189**

## संसदीय गरिमा : सामूहिक असफलताको दृष्टान्त

संसदीय लोकतन्त्रका प्रमुख चार स्तम्भ राष्ट्रपति, सभामुख, प्रधानमन्त्री र प्रतिपक्षको सामूहिक असफलताले गम्भीर प्रश्न उभ्याएको छ- के हाम्रो लोकतन्त्र अझै पात्रकेन्द्रित नै छ? प्रक्रिया र संस्थागत संस्कृतिमाथि आधारित बन्न सकेको छैन? नेपालको संघीय संसद्को संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले आर्थिक वर्ष २०८३/८४ को सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेका थिए। परम्परागत औपचारिकताका साथ आयोजित सो कार्यक्रमका बीच प्रधानमन्त्री बालेन्द्र शाहले बैठक छोडेर हिंडे । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1931916/parliamentary-dignity-an-example-of-collective-failure**

## सम्पत्ति छानबिन आयोगको प्रभावकारिता

सार्वजनिक पदमा रहेकाहरूले जब अधिकारको दुरुपयोग गर्न थाल्छन्, त्यहीँबाट अवैध सम्पत्तिको आर्जन प्रारम्भ हुन्छ । विशेष गरी राजनीतिक परिवर्तनपश्चात् पूर्ववर्ती सरकारमा रहनेहरूमा देखिएका विकृतिहरूका बारेमा अनुसन्धान एवं छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्ने र गलत कार्य गर्नेहरूउपर कारबाही गरी आएका उदाहरण लोकतान्त्रिक देशहरूमा पाइन्छ । अपवादका देशहरूमा मात्र छानबिन गर्ने र कारबाही गर्ने निकाय एउटै भएको पाइन्छ, किनकि अनुसन्धान गर्ने निकायले निकालेको निष्कर्षको आधारमा कानुनले कारबाही गर्नको लागि जिम्मेवारी तोकेको पदाधिकारीले मात्र त्यस्ता अभियुक्तहरुलाई कारबाही गर्न सक्छन् । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/15/768518/**

## प्रधानमन्त्रीले दिएनन् संसदीय समितिलाई समय

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सोमबार प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठक बहिष्कार गर्‍यो । सम्बन्धित मन्त्री अनुपस्थित भएको भन्दै कांग्रेसले बैठक बहिष्कार गरेको हो । प्रतिनिधिसभा नियमावली अनुसार राज्य व्यवस्था समितिको बैठक बस्न गृहमन्त्री वा रक्षामन्त्रीको उपस्थिति अनिवार्य हुन्छ । यी दुवै मन्त्रालय प्रधानमन्त्री बालेन शाहले सम्हालिरहेका छन् । यसकारण कांग्रेस राज्य व्यवस्था समितिमा प्रधानमन्त्री शाहको उपस्थिति चाहन्छ । 'गृह मन्त्रालयसँग सम्बन्धित सुकुमवासीलगायत विषयमा जवाफ लिनु छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1928980/the-prime-minister-did-not-give-time-to-the-parliamentary-committee**

## प्रधानमन्त्रीकै उपेक्षामा परेको परम्परागत नीति-कार्यक्रम

भदौको विद्रोह, फागुनको चुनावपछि आएको बालेन सरकारबाट प्रस्तुत पहिलो नीति तथा कार्यक्रमले इतिहासको क्रमभंग गर्ने अपेक्षा धेरैको थियो । निर्वाचनको घोषणापत्रदेखि नै १०० बुँदाप्रति मोह देखाएको सरकारले नीति तथा कार्यक्रम पनि १०० बुँदे नै ल्यायो, जसको विषयवस्तुमा सुधारका कुनै ठूला एजेन्डा देखिएनन् । तर, नीति कार्यक्रम प्रस्तुत गर्दै गर्दा प्रधानमन्त्रीले देखाएको व्यवहार भने इतिहासमा अरु कसैले देखाउने भन्दा भिन्न थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1929425/traditional-policies-and-programs-neglected-by-the-prime-minister**

## सरकारको नीति तथा कार्यक्रम आज : प्राथमिकतामा सुशासन, पूर्वाधार, सामाजिक क्षेत्र र डिजिटाइजेसन

नीतिगत सुधार, सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीय परिवर्तन, आर्थिक पारदर्शिता तथा सुशासनलाई उच्च प्राथमिकता राख्दै सरकारले सोमबार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम ल्याउँदै छ। राष्ट्रपति रामचन्द्र पौडेलले संसद्को संयुक्त बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यतालिका छ। मुलुकको संरचनात्मक कमजोरी सुधार्दै सुसंस्कृत र समृद्ध समाज निर्माणका लागि दृढतासाथ अघि बढ्ने नीति तथा योजना ल्याउने सरकारले बताएको छ। अर्थतन्त्र पुनःसंरचना र स्तरोन्नतिको चरणमा प्रवेश गरेकाले आगामी वर्षदेखि दोस्रो चरणको सुधार सुरु गर्ने सरकारको नीति छ। बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/05/11/government-policies-and-programs-today-priorities-include-good-governance-infrastructure-social-sector-and-digitization-37-24.html**

## ७ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य, पूरा गर्न कति सम्भव ?

सरकारले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममार्फत आगामी दशकभर औसत ७ प्रतिशत आर्थिक वृद्धिको महत्त्वाकांक्षी लक्ष्य अघि सारेको छ। तीन दशकदेखि औसत ४ प्रतिशतको सामान्य आर्थिक वृद्धिबाट गुज्रिरहेको अर्थतन्त्रमा दुईतिहाइ नजिकको समर्थन प्राप्त सरकारले सुशासन, डिजिटाइजेसन र लगानी विस्तारलाई आर्थिक रूपान्तरणको आधार बनाएको छ। तर सुस्त निजी लगानी, कमजोर औद्योगिक आधार र घट्दो राजस्व वृद्धिबीच उक्त लक्ष्य प्राप्ति चुनौतीपूर्ण देखिन्छ। बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/05/12/how-feasible-is-it-to-achieve-the-7-percent-economic-growth-target-34-56.html**

## बजेटमा कस्तो देखिएला 'स्वर्णिम-बालेन जादु' ?

दुईतिहाइ बहुमतसहितको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकार आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माणमा केन्द्रित भएको छ । संघीय संसद्को आगामी बजेट अधिवेशनको मिति नजिकिँदै गर्दा सरकार बजेट निर्माणको तयारीमा जुटेको हो । अर्थ मन्त्रालयले बजेट निर्माण प्रक्रियालाई व्यवस्थित बनाउन राजस्व व्यवस्थापन महाशाखा प्रमुख उत्तर खत्रीको संयोजकत्वमा बजेट लेखन समिति गठन गरी कामलाई अन्तिम चरणमा पुऱ्याएको छ । बाँकी...

स्रोत : **https://ehimalayatimes.com/2026/05/446707/**

## नीति तथा कार्यक्रम : सूचना प्रविधिमा अपेक्षाकृत, दूरसञ्चारका 'कोर इस्यु'मा छिरेन

सरकारले सूचना प्रविधिलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गरेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार संघीय संसद्मा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योगको रूपमा घोषणा गरिएको हो । सरकारले सफ्टवेयर, डिजिटल सेवा, क्लाउड सेवा, साइबर सुरक्षा, हरित कम्प्युटिङ र एआई कम्प्युटेसन निर्यातलाई प्रबर्द्धन गर्नेसमेत नीति तथा कार्यक्रममार्फत घोषणा गरेको छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1929500/policy-and-program-expected-in-information-technology-did-not-delve-into-the-core-issues-of-telecommunications**

## गगन-देउवा द्वन्द्वले फेरि विभाजनको डिलमा

एक समय लोकतान्त्रिक आन्दोलनको मुख्य शक्ति मानिएको नेपाली कांग्रेस अहिले आफ्नै आन्तरिक द्वन्द्वको भुमरीमा फसेको छ । संसद्को प्रमुख प्रतिपक्षी दल कांग्रेसभित्र चुलिँदै गएको शक्ति संघर्षले पार्टीलाई विभाजनकै संघारमा पुऱ्याएको विश्लेषण हुन थालेको छ । विशेष महाधिवेशनपछि सभापति बनेका गगन थापा नेतृत्वको नयाँ कार्यसमितिलाई लिएर पुरानो संस्थापन अर्थात् शेरबहादुर देउवा पक्ष असन्तुष्ट बन्दै गएपछि कांग्रेसभित्रको आन्तरिक जीवन अस्वाभाविक रूपमा तनावग्रस्त बनेको छ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/11/767720/**

## प्रस्तावित प्रधानन्यायाधीशविरुद्ध संसदीय सुनुवाइमा प्रतिपक्ष दलद्वारा विरोधको तयारी

प्रस्तावित प्रधानन्यायाधीश डा. मनोजकुमार शर्माको संसदीय सुनुवाइमा प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेससहित नेपाली कम्युनिस्ट र एमालेका सांसदहरूले विरोध गर्ने तयारी गरेका छन् । गत बिहीबार बसेको संवैधानिक परिषद्को बैठकमा वरीयता तोडेर चौथो वरीयताक्रममा रहेका डा. शर्मालाई प्रधानन्यायाधीशको सिफारिस गर्दा प्रमुख प्रतिपक्ष दलका नेता भीष्मराज आङदेम्बे र राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले 'नोट अफ डिसेन्ट' राख्नुभएको थियो । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/11/767725/**

## भिजिट भिसा प्रकरण : पूर्व गृहमन्त्री लेखक र पूर्व गृहसचिव दुवाडीमाथि मुद्दा नचल्ने

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयसँग जोडिएको भिजिट भिसा घुस प्रकरणमा नाम मुछिएका तत्कालीन गृहमन्त्री रमेश लेखक र तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडीमाथि मुद्दा नचल्ने भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उहाँहरूविरुद्ध पर्याप्त प्रमाण फेला नपरेको निष्कर्ष निकाल्दै मुद्दा नचलाउने निर्णय गरेको हो । यसअघि अख्तियारले तत्कालीन अध्यागमन प्रमुख तथा सहसचिव तीर्थराज भट्टराईविरुद्ध भ्रष्टाचार मुद्दा दायर गर्दा पूर्वगृहमन्त्री लेखक र गृहसचिव दुवाडीमाथि अनुसन्धान जारी रहेको जानकारी विशेष अदालतलाई गराएको थियो । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/11/767727/**

## उमेर र सिर्जनात्मक क्षमता

विश्वप्रसिद्ध चित्रकार पाब्लो पिकासोले भनेका छन्, "हामी ६० वर्ष पुगेपछि जवान हुन थाल्छौँ ।" पिकासोको यस भनाइलाई विभिन्न अर्थमा बुझ्ने गरिएको छ । उनका समकालीन स्रष्टाको विचारमा पिकासो युवामाझ देखिने स्वतन्त्रताप्रतिको अनुराग र सिर्जनात्मकताले ६० वर्षको जीवन भोगाइ र अनुभवबाट मात्र निखार पाउनेमा विश्वास गर्थे । त्यसो भए सिर्जनाका लागि उमेर बाधक नहुने भयो । हुन पनि हेरौँ न, असाधारण कूटनीतिक कौशल र क्षमतालाई आफ्नो पहिचान बनाएका अमेरिकी कूटनीतिज्ञ हेनरी किसिन्जरले सय वर्षको उमेरमा आफ्नो मृत्यु हुनु ठिकअघि दुइटा पुस्तक हामीलाई छोडेर गए । दुवैको विषय थियो, 'आर्टिफिसियल इन्टेलिजेन्स' अर्थात्, कृत्रिम प्रज्ञा । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/205248**

## रास्वपा सांसदहरूको प्रशिक्षणमा रवि लामिछाने : संविधानअनुसार नै प्रधानन्यायाधीश सिफारिस गरिएको हो, विधिबाहिर गएका छैनौँ

चुनौतीपूर्ण ढंगका अभिव्यक्ति दिएर के लाभ हुन्छ र ? यो त जगहँसाइ मात्र हुन्छ। हामी यस्तो जगहँसाइमा विश्वास गर्दैनौँ । हामीलाई अझै पनि विश्वास छ । मेरो कुरा गर्नुहुन्छ भने मेरो त गर्धन अझै त्यहीँ छ । हुन्छ, त्यस्तो रिस उठेको छ भने चलाइदिनुस् हतियार । त्यहीँ बुझाएर आएको छु मैले गर्धन । म यहीँ छु, त्यहीँ छ मेरो गर्धन । होइन भने न्यायालयको गरिमा, प्रतिष्ठालाई सडकको विषय बनाउनुहुँदैन । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले संविधानअनुसार नै प्रधानन्यायाधीश सिफारिस गरिएको र विधिबाहिर नगएको बताएका छन्। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/194715/2026-05-11**

## सिंहदरबारकै जग्गा अतिक्रमण

खोलानाला, नदी र सडक किनारका मात्र नभई मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारको जग्गासमेत मिचिएको (अतिक्रमणमा परेको) पाइएको छ। सडक विस्तार गर्दा दुवैतिरबाट जमिन लिनुपर्ने भए पनि एकातिरबाट जमिन लिँदा सरकारी जग्गा अतिक्रमणमा परेको हो। सिंहदरबारको जग्गा सडक विस्तारका क्रममा एकतर्फी रूपमा पर्खालभित्रबाटै मिचेर अतिक्रमण गरिएको हो। अनामनगरतर्फको सडक निर्माण गर्दा सिंहदरबारको ४६ रोपनी छ आना जग्गा अतिक्रमणमा परेको सरकारी छानबिनले देखाएको छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/206168**

## कुशलको शतकपछि अमेरिकामाथि नेपालको सानदार जित

कुशल भुर्तेलको शतकमा नेपालले क्रिकेट विश्वकप लिग २ मा शनिबार अमेरिकामाथि ९ विकेटको सानदार विजय हात पारेको छ । कुशलको अविजित १ सय २० रनमा नेपालले त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदान कीर्तिपुरमा १ सय ९६ रनको लक्ष्य ३६.४ ओभरमै १ सय ९९ रन बनाउँदै पूरा गर्यो । कुशलले १ सय १८ बलको इनिङ्समा १३ चौका र ४ छक्का प्रहार गरे । कुशलले एकदिवसीय अन्तर्राष्ट्रियमा दोस्रो शतक बनाएका हुन् । सन् २०२३ को फेब्रुअरीमा पनि उनले नामिबियाविरुद्ध कीर्तिपुरमै १सय १५ रन बनाएका थिए । बाँकी... स्रोत : **https://ekantipur.com/sports/2026/05/16/nepals-stunning-win-over-america-after-kushals-century-33-59.html**

## सरकारको निर्णयमा अदालतको रोक : प्रक्रियामा त्रुटि कि न्यायिक सक्रियता ?

सर्वोच्च अदालतले करिब एक साताभित्र सरकारका चार महत्वपूर्ण निर्णयविरुद्ध अन्तरिम/अन्तरकालीन आदेश जारी गर्दै कार्यान्वयनमा रोक लगाइदिएको छ । त्यसअघि पनि वालेन्द्र शाह नेतृत्वको सरकारले चालेका केही कदममा अदालतले प्रश्न उठाउँदै रोक लगाएको थियो । यसबाट सरकारले प्रक्रिया नपुर्‍याई निर्णय गरिरहेको छ कि न्यायिक सक्रियता एकाएक बढेको हो भन्ने बहस पनि चलिरहेको छ । सर्वोच्च अदालतले पछिल्लो पटक एक जेठमा सय रुपैयाँभन्दा बढीको सामानमा भन्सार शुल्क लिने सरकारको कदममा रोक लगाउने अन्तरिम आदेश गरेको छ । बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/05/17/courts-stay-on-government-decision-procedural-error-or-judicial-activism-32-33.html**

## अति कम विकसित मुलुकबाट स्तरोन्नतिको समय धकेलिँदै

अति कम विकसित मुलुक (एलडीसी) बाट विकासशीलमा स्तरोन्नतिका लागि तोकिएको समय तीन वर्ष पर सार्ने गरी नेपालले संयुक्त राष्ट्रसंघलाई आग्रह गर्ने भएको छ। नोभेम्बर २०२६ मा स्तरोन्नति हुने गरी यसअघि राष्ट्रसंघले गरेको निर्णय पर सार्न सरकारले औपचारिक रूपमा पत्र पठाउने तयारी गरेको छ। बाँकी... स्रोत : **https://ekantipur.com/business/2026/05/17/the-time-for-upgrading-from-least-developed-country-to-least-developed-country-is-being-pushed-back-38-48.html**

## प्रतिनिधिसभामा आएन अध्यादेशहरू स्वीकृत गर्ने प्रस्ताव

सरकारले संसद् अधिवेशन नरहेका बेला विभिन्न ८ वटा अध्यादेश ल्याएको थियो । ती अध्यादेशहरू अधिवेशन सुरु भएकै दिन गत वैशाख २८ मा संघीय संसद् अन्तर्गतका दुवै सभामा पेस भए । संसद अधिवेशन नरहेका बेला सरकारले सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धी विशेष व्यवस्था अध्यादेश र संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश ल्याएको छ ।

**https://www.onlinekhabar.com/2026/05/1933109/proposal-to-approve-ordinances-not-submitted-to-house-of-representatives**

## असार १५ सम्मको संसदीय क्यालेन्डरमा परेन प्रधानमन्त्रीसँगको प्रश्नोत्तर कार्यक्रम

प्रतिनिधिसभाले आगामी असार १५ गतेसम्मको संसदीय क्यालेन्डर सार्वजनिक गरेको छ । तर, उक्त क्यालेन्डरमा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम परेको छैन । प्रतिनिधिसभा नियमावलीको नियम ५६ मा यस सम्बन्धी व्यवस्था छ । जहाँ भनिएको छ, 'प्रधानमन्त्री वा निजको कार्यक्षेत्रसँग प्रत्यक्ष रुपमा सम्बन्धित महत्त्वपूर्ण विषयमा प्रश्न सोध्नको लागि सभामुखले प्रत्येक महिनाको पहिलो हप्ताको कुनै एक दिनको बैठकको पहिलो एक घण्टा निर्धारण गर्नेछ ।' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1933074/question-and-answer-program-with-prime-minister-not-included-in-parliamentary-calendar-until-asad-15**

## क्यानलाई कारबाही अगाडि बढाउने निर्देशनको पत्र मन्त्रालयमै फर्कियो

नेपाल क्रिकेट सङ्घ (क्यान) लाई अन्तिम पटक स्पष्टीकरण सोधी कारबाही अगाडि बढाउने शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले १४ वैशाखमा मन्त्रीस्तरीय निर्णय गरे। सोही निर्णय कार्यान्वयनका लागि मन्त्रालयले सोही दिन निर्देशनसहितको पत्र राष्ट्रिय खेलकुद परिषद् (राखेप) लाई पठायो । पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) को छानबिनका क्रममा क्यानले सहयोग नगरेको ठहरसहित मन्त्रालयले कारबाही अगाडि बढाउन राखेपलाई निर्देशन दिएको हो। तर, राखेपले क्यानलाई कारबाहीको पत्र कार्यान्वयन गर्नुको सट्टा उक्त पत्र फेरि मन्त्रालयमै फर्काइदिएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1933068/the-letter-directing-can-to-take-action-was-returned-to-the-ministry**

## बालेन सरकारको 'डन्डा' र विद्यार्थी आन्दोलनको 'झन्डा'

विद्यार्थी संगठनमाथि बालेन सरकारको 'डन्डा' तत्काल निस्तेज भएको छ। अब 'बालहठ' त्यागेर सरकार पछि हट्नुपर्छ। साथै, विद्यार्थी संगठनहरूले पनि व्यापक रुपान्तरण सहितको नयाँ झन्डा उठाउनुपर्दछ। बालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भएलगत्तै जारी गरिएको शासकीय सुधारका सयबुँदे कार्यसूचीमा '६० दिनभित्र विद्यार्थी संघ-संगठन हटाउने' घोषणा गरिएको थियो । ०८२ चैत्र २० गते शिक्षा मन्त्री सस्मित पोखरेलसमेतको उपस्थितिमा बसेको विश्वविद्यालय समन्वय समितिको बैठकले अझ अघि बढेर विद्यार्थी संगठन नरहने गरी ऐन कानुन संशोधन गर्ने निर्णय समेत गरेको थियो। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1931999/the-stick-of-the-balen-government-and-the-flag-of-the-student-movement**

## नेपालमा जलवायु वित्तको द्विविधा : नीति छ, कार्यान्वयन छैन

कागजमा हेर्दा यी नीति, प्रणाली र संरचना प्रभावशाली देखिन्छन्। तिनीहरू विश्वस्तरीय अभ्याससँग मेल खाने र संस्थागत सोचमा आधारित पनि छन्। तर, वास्तविकता भने फरक छ। नेपाललाई प्रायः दूरदर्शी जलवायु नीति भएको देशका रूपमा चिनिन्छ। विश्वव्यापी मञ्चमा जलवायु वित्तको पक्षमा बलियो आवाज उठाउँदै आएको नेपालले समुदायको उत्थानशीलता बढाउन र अनुकूलन क्षमता सुदृढ गर्न अन्तर्राष्ट्रिय जलवायु वित्तको माग गर्दै आएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1933148/climate-finance-dilemma-in-nepal-policy-no-implementation**

## मदन-आश्रितलाई सम्झिँदै ओली भन्छन विचलित नभई जनताको पक्षमा उभिन प्रेरित गरिरहेको छ

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले मदन भण्डारी र जीवराज आश्रितको विचारले विचलित नभई जनताको पक्षमा उभिन र परिवर्तनको यात्रालाई अधुरो हुन नदिन प्रेरित गरिरहेको बताएका छन्। आज मदन-आश्रितको ३३ औं स्मृति दिवसमा उनीहरुको योगदान स्मरण गर्दै ओलीले फसेबुकमा सो कुरा उल्लेख गरेका हुन्। ३३ वर्षअघि दासढुंगामा भएको रहस्यमय जिप दुर्घटनामा मदन भण्डारी र जीवराज आश्रितलाई गुमाउनुपरेको भन्दै ओलीले उनीहरूको अभाव समयसँगै झन् गहिरिँदै गएको बताएका हुन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1933176/remembering-madan-aashrit-oli-says-it-is-inspiring-them-to-stand-by-the-people-without-getting-distracted**

## १३ आयोजनालाई सरकारले दियो ८ अर्ब २५ करोडको सामानमा कर छुट, कसले कति पाए ?

सरकारले १३ वटा आयोजनाका लागि कर छुट दिने निर्णय गरेको छ । अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विभिन्न विकास आयोजना र निर्माण कार्यका लागि पैठारी (आयात) हुने मालवस्तुहरूमा कर छुट दिइएको छ । धेरैजसो आयोजनाहरूमा आयात हुने सामानमा १ प्रतिशत मात्र भन्सार महसुल लिई बाँकी सम्पूर्ण दस्तुर, शुल्क र कर छुट दिइएको छ भने केहीमा पूर्ण रूपमा कर छुट दिइएको छ । राजपत्रमा प्रकाशित सूचना अनुसार यी वस्तुको कुल मूल्य ८ अर्ब २५ करोड हाराहरीमा हुन आउँछ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/563328/the-government-gave-tax-exemptions-on-goods-worth-825-billion-in-13-projects-who-got-how-much**

## भारी संख्यामा कर्मचारी दरबन्दी कटौती हुने

सरकारले ४ वटा मन्त्रालय खारेज तथा एकआपसमा गाभ्दै २१ बाट १७ मन्त्रालय बनाएसँगै तीनवटै सरकारमा रहेका कर्मचारी दरबन्दीमा समेत भारी संख्यामा कटौती गर्ने गृहकार्य अघि बढाएको छ । संघ, प्रदेश र स्थानीय तहमा झण्डै २० प्रतिशतजति कर्मचारी दरबन्दी अनावश्यक रहेको विश्लेषण गर्दै सरकारले भारी संख्यामा कर्मचारी कटौतीको गृहकार्य अघि बढाएको हो । सरकारले नेपाल सरकार कार्यविभाजन नियमावली २०८३ स्वीकृत गर्दै केही मन्त्रालयलाई गाभ्दै केहीलाई खारेज गरेको छ भने एउटा नयाँ मन्त्रालय थप गरेको छ । कार्यविभाजन नियमावली नयाँ आएसँगै कर्मचारी दरबन्दीमा स्वतः पुनरावलोकन हुने भएको हो । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/17/768756/**

## छानबिनको दायरामा तीस हजार पदाधिकारी

मुलुकमा बहुदलीय व्यवस्था बहाली भएसँगै सार्वजनिक पदमा आसीन बहालवाला र पूर्वपदाधिकारीको सम्पत्ति छानबिन गर्न गठन भएको सम्पत्ति छानबिन आयोगले कार्यारम्भ गरेसँगै विभिन्न पदमा रहेका ३० हजार जनामाथि छानबिन हुने भएको छ। आयोगले बिहीबार सूचना जारी गर्दै सार्वजनिक पद धारण गरेका तथा सेवानिवृत्त भएका उच्च पदस्थ व्यक्तिलाई आफ्नो तथा परिवारको सम्पत्ति विवरण अनिवार्य रूपमा पेस गर्न निर्देशन दिएको छ। आयोगले आर्थिक वर्ष २०८२/८३ सम्म सार्वजनिक पदमा रहेका वा सो अवधिपछि सेवानिवृत्त भएका व्यक्तिलाई तोकिएको ढाँचामा सम्पत्ति विवरण बुझाउन आग्रह गरेको हो। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/205890**

## काम, काम, काम

युवा जनसङ्ख्याको लाभ निकै भएको देशमा हरेक मानिसले 'काम चाहियो, काम चाहियो' भन्नु आफैंमा सकारात्मक पक्ष हो । कामप्रति यत्तिको आसक्ति हुनु मुलुक निर्माणको लागि अमूल्य पुँजी हो । राष्ट्रिय स्वतन्त्र पार्टीले गत आम निर्वाचनअगाडि एकपाने नागरिक करार सार्वजनिक गरेको थियो । सो करारपत्र तीन महले छ । पहिलो महलमा प्राथमिकता, दोस्रोमा आजको अवस्था र तेस्रोमा हाम्रो लक्ष्य उल्लेख छ । सो एक पृष्ठको करारको प्राथमिकताको बुँदा नम्बर ३ मा 'काम, काम, काम' शीर्षक उल्लेख छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1933181/work-work-work**

## राष्ट्रिय सभामा अध्यादेश रोक्न विपक्षीको गृहकार्य

सरकारले हालै ल्याएका अध्यादेशलाई राष्ट्रिय सभाबाट अस्वीकृत गराउने रणनीतिमा विपक्षी दलहरू जुटेका छन्। आह्वान भइसकेको संसद् अधिवेशन स्थगन गराएर अध्यादेश ल्याइएकामा विरोध गर्दै आएका कांग्रेस, एमाले र नेकपा सबै अध्यादेश एकै पटक अस्वीकृत गर्ने कि अन्तर्वस्तु हेरेर अघि बढ्ने भन्ने निष्कर्षमा भने पुगेका छैनन्। संघीय संसद्का दुवै सदनबाट अध्यादेश स्वीकृत नभए स्वतः निष्क्रिय हुने संवैधानिक प्रावधान छ। प्रतिनिधिसभामा सत्तारूढ रास्वपाको झन्डै दुईतिहाइ सिट रहेकाले अध्यादेश स्वीकृत हुन समस्या छैन। तर राष्ट्रिय सभामा रास्वपाको उपस्थिति छैन। त्यसैले राष्ट्रिय सभाबाट केही अध्यादेशलाई असफल पार्ने गृहकार्यमा कांग्रेस, एमाले र नेकपा लागेका हुन्। बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/05/11/oppositions-homework-to-stop-ordinance-in-national-assembly-23-45.html**

## 'न्यु/बिग डिल' र 'पोलिसी डिपार्चर'

दीर्घकालीन सोच र योजना एकातर्फ अनि तत्कालका कार्यक्रम अर्कातर्फ गरेर देश समुन्नत हुँदैन । २०४८ सालदेखि नेपाली राजनीतिले गरेको यो महाभूलसँगको सम्बन्धविच्छेदप्रतिको नेपाली जनताको तृष्णालाई कदापि नजरअन्दाज गर्नु हुँदैन । अर्थराजनीतिका प्राविधिक शब्दावलीहरूलाई विदेशी भाषामा टाँसेर आलेख सुरु गर्दा मलाई कत्ति पनि खुसी लागेको छैन । सरकार र नीति निर्माताहरूलाई अलि धेरै झक्झकाउनेबाहेक यसको अरू कुनै अभिप्राय: पनि छैन । बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/05/11/expectation-of-a-clear-strategy-for-economic-development-40-39.html**

## आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत हुँदै

आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले देशको अर्थतन्त्रलाई आधुनिक, पारदर्शी र प्रविधिमैत्री बनाउने योजना अघि सारेका छन् । एकीकृत डिजिटल प्लाटफर्ममार्फत ई-गभर्नेन्स सुदृढ गरिने । सरकारले सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहलाई छरितो, पारदर्शी र नागरिकमैत्री बनाउन एकीकृत डिजिटल प्लाटफर्ममार्फत ई-गभर्नेन्स प्रणाली सुदृढ गर्ने योजना अघि सारेको छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा 'एक पटकको विवरण सबै सेवामा प्रयोग' गर्ने सिद्धान्त उल्लेख छ । बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/05/11/presenting-policies-and-programs-for-the-financial-year-08384-20-54.html**

## प्रधानमन्त्रीको सम्पत्ति विवरणले उघारेको 'इन्फ्लुएन्सर मार्केट' को ढोका

प्रधानमन्त्री बालेन्द्र शाहले भर्खरै सार्वजनिक गरेको सम्पत्ति विवरणमा १ करोड ४६ लाख रुपैयाँ नगदको आयस्रोत 'फेसबुक, युट्युब, टिकटक स्पोर्टीफाइ र आइट्यून' भएको उल्लेख गरे । ४६ लाख फेसबुक फलोअर्स, १३ लाख युट्युब सब्स्क्राइबर र ४ लाख ६५ हजार टिकटक फलोअर्स नै उक्त सम्पत्तिका आधार हुन् भन्ने उनको दाबीले धेरैको ध्यान तान्यो । यसले एउटा तथ्य उजागर गरेको छ , के साँच्चै सामाजिक सञ्जालका 'फलोअर्स'लाई सम्पत्ति मान्न सकिन्छ त ? बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/05/11/prime-ministers-asset-disclosure-opens-door-to-influencer-market-48-03.html**

## प्रधानमन्त्रीप्रति सांसद पन्तको कटाक्ष- महिलामाथि बहुमतको अहंकार प्रदर्शन गर्नुभयो

राष्ट्रिय सभामा नेपाली कांग्रेस संसदीय दलकी नेता कमलादेवी पन्तले प्रधानमन्त्री बालेन शाहले अध्यादेश र अंकगणितको आडमा महिलामाथि जघन्य हिंसा गरेको बताएकी छन् । प्रधानन्यायाधीश सिफारिस प्रकरणको मुद्दा उठाउँदै सांसद पन्तले सोमबार राष्ट्रिय सभाको बैठकमा प्रधानमन्त्री शाहप्रति यस्तो कटाक्ष गरेकी हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1928899/mp-pants-sarcasm-towards-the-prime-minister-he-displayed-the-arrogance-of-the-majority-against-women**

## त्रिभुवन विश्वविद्यालयः आधारभूत व्यवस्थापनमै चुनौती

त्रिभुवन विश्वविद्यालय केही वर्षयता विभिन्न सञ्चारमाध्यमका छाइरहेको छ, समाचारका शीर्षकहरूमा। समाचार सकारात्मक र नकारात्मक दुवै आशयका हुन्छन् । विश्वविद्यालयले गरेका कमजोरीको विषयमा उठाइएका समाचारहरूलाई नकारात्मक भन्न मिल्दैन । तर, वास्तविकता नबुझी तोडमोड पारिएका समाचार-लेख नकारात्मक हुन् । स्वाभाविक रूपमा ठूलो विश्वविद्यालयका थुप्रै कमजोरी हुन सक्दछन् भने कतिपय अवस्थामा वास्तविकता भन्दा पर गएर समाचार लेखिएको प्रतीत हुन्छ । यति ठूलो विश्वविद्यालयका बारेमा यो एक छोटो लेखले पक्कै सबै पक्षलाई समेट्दैन। तैपनि केही आधारभूत पक्षहरूको बारेमा चर्चा गर्न खोजिएको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1933332/tribhuvan-university-the-challenge-lies-in-basic-management**

## विदेशीको गतिविधि निगरानी गर्न सीडीओको नेतृत्वमा समिति, डिजिटल डिभाइस पनि नियन्त्रणमा लिन सक्ने

प्रस्तावित अध्यागमन विधेयक २०८३ मा केही नयाँ व्यवस्थाहरू राखिएको छ । अहिले सुझावमा माग गरिएको उक्त विद्येयकमा केही विषयहरू अध्यागमन ऐन २०४९ को भन्दा नयाँ र फरक छन् । जसमा नेपाल भित्रने विदेशी नागरिककाहरूको अनुगमनका लागि समिति रहने भन्ने नयाँ व्यवस्था थप गरिएको छ। विधेयकको दफा १६ मा विदेशीको अनुगमन तथा सुरपरिवेक्षणबारे उल्लेख गरिएको छ। विदेशीहरूको गतिविधिको अनुगमन गर्न प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा अनुगमन तथा सुपरीवेक्षण समिति रहने व्यवस्था विधेयकमा थपिएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1933370/committee-led-by-cdo-to-monitor-activities-of-foreigners-may-also-take-control-of-digital-devices**

## जसपा-लोसपा एकीकरणमा हृदयेश त्रिपाठीको दुई बुँदे असहमति

जनता समाजवादी पार्टी (जसपा), नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बीचको एकीकरणमा नेता हृदयेश त्रिपाठीले दुई बुँदे फरक मत राखेका छन् । आफू प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणाली र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको विपक्षमा रहेको त्रिपाठीले जनाएका छन् । नेपाल जस्तो विविधतायुक्त देशमा अहिलेकै संसदीय प्रणाली र मिश्रित निर्वाचन प्रणाली ठीक भएको उनले सामाजिक सञ्जाल फेसबुकमा उल्लेख गरेका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1933375/hridayesh-tripathis-two-point-disagreement-on-jsp-losp-merger**

## पार्टी सदस्यता खोसिएकी विद्या भण्डारी एमालेको प्रमुख अतिथि

नेकपा एमालेले ३३औं मदन-आश्रित स्मृति सभामा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई प्रमुख अतिथि बनाएको छ। पूर्वउपाध्यक्ष समेत रहेकी भण्डारीलाई प्रमुख अतिथि बनाएर एमालेले पुरानो पार्टी कार्यालय रहेको बल्खुस्थित मैदानमा मदन-आश्रित सभा गरेको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1933383/vidya-bhandari-whose-party-membership-was-revoked-is-the-chief-guest-of-uml**

## सार्वजनिक खर्चमा मितव्ययी बन्न प्रधानमन्त्री कार्यालयको परिपत्र

प्रधानमन्त्री कार्यालयले अत्यावश्यक बाहेक नयाँ सामग्री खरिद नगरी सार्वजनिक खर्चमा मितव्ययीता अपनाउन निर्देशन दिएको छ। सबै मन्त्रालय, आयोग, सचिवालय, कार्यालय, निकाय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय र सबै प्रदेशलाई अत्यावश्यक बाहेकका सामान नकिन्न परिपत्र गरेको हो। परिपत्रमा भनिएको छ, 'कार्यालय प्रमुखहरुले अत्यावश्यक बाहेक नयाँ सामग्रीहरु खरिद नगरी कार्यालयमा भइरहेका सामान, औजार, उपकरण, फर्निचर, सवारी साधनहरुलाई चालु अवस्थामा राखी प्रयोग गर्ने र सार्वजनिक खर्चलाई मितव्यी गर्नु गराउन हुन निर्णयानुसार अनुरोध छ।' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1931926/circular-from-the-prime-ministers-office-to-be-frugal-in-public-spending**

## अदालती प्रक्रियाबाट आयोजना कार्यान्वयनमा हुने ढिलाइ रोक्न द्रुत पूर्वाधार इजलास सिफारिस

अदालती प्रक्रियाका कारण आयोजना कार्यान्वयनमा भइरहेको ढिलाइ रोक्न 'डेडिकेटेड फास्ट ट्र्याक पूर्वाधार इजलास तथा न्यायाधीकरण' गठन गर्न सिफारिस गरिएको छ। मन्त्रिपरिषद्ले १३ चैत २०८२ मा स्वीकृत गरेको शासकीय सुधार सम्बन्धी १ सय कार्यसूचीका विषय कार्यान्वयन गर्ने क्रममा पूर्वाधार निर्माण तथा विकास आयोजनाका सम्बन्धमा अदालतमा पर्ने मुद्दामामिला छिटो छरितो निरूपण गर्ने विषयको नीतिगत, कानुनी, संस्थागत र कार्यगत सुधारका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले एक समिति गठन गरेको थियो। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1931776/recommendation-for-fast-track-infrastructure-bench-to-prevent-delays-in-project-implementation-due-to-court-processes**

## सरकारको नाममा कहिले आउला रानी जगदम्बाको हदबन्दीभन्दा बढी जग्गा ?

लामो समयदेखि उपभोग भइरहेको जगदम्बा कुमारी राणा (जगदम्बा रानी) को हदबन्दीभन्दा बढी करिब १८ रोपनी जग्गा सरकारको नाममा आउन सकेको छैन। यसअघि सर्वोच्च अदालतले राणाको हदबन्दीभन्दा बढी जग्गा व्यक्तिकै हुने कायम गरेपछि सरकार पुनरावलोकनका लागि सर्वोच्च पुगेसँगै यो विवादमा पुनः एक पटक पूर्ण इजलासमा सुनुवाइ गर्नुपर्ने भएको छ। सर्वोच्च अदालतका न्यायाधीश डा. कुमार चुँडाल र सारङ्गा सुवेदीको संयुक्त इजलासबाट पूर्वनजिरविपरीत फैसला गर्दै विभिन्न कित्ताका हदबन्दीभन्दा बढी जग्गा निजी कायम गरिएको थियो, त्यसपछि सरकार पुनरावलोकनमा गएको थियो। बाँकी... स्रोत : **https://www.ratopati.com/story/563294/when-will-the-government-acquire-land-exceeding-the-limit-of-queen-jagadamba**

## संघीय निजामती सेवा विधेयकमा ७ हजार सुझाव

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न सरोकारवालाबाट आएका ७ हजार सुझावलाई संश्लेषित गर्दै सो विधेयकको मस्यौदा रायपरामर्शका लागि बिहीबार अर्थ मन्त्रालयमा पठाएको छ । प्रधानमन्त्री बालेन्द्र शाहको चैत्र १३ गते स्वीकृत सयदिने कार्यसूचीमा सो विधेयक ४५ दिनभित्रमा तयार पारिने लक्ष्य राखिएको थियो । सोहीअनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विधेयकको मस्यौदा तयार पारी आवश्यक सुझाव लिएर सो विधेयक परामर्शका लागि अर्थ मन्त्रालयमा पठाएको हो । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/15/768500/**

## गृहमन्त्रीविहीन अवस्थाले सुरक्षा निकायमा असहजता

प्रधानमन्त्री बालेन्द्र साहले गृहमन्त्रीको टुंगो नलगाउँदा सुरक्षा निकायमा असहजता उत्पन्न भएको छ । तत्कालीन गृहमन्त्री सुधन गुरुङले राजीनामा दिएपछि खाली रहेको गृह मन्त्रालयमा अहिलेसम्म मन्त्रीको टुंगो नलाग्दा गृह मातहतका सुरक्षा निकायको सरुवा, बढुवादेखि महत्वपूर्ण निर्णय गर्नसमेत मुस्किल परेको हो । आउँदो जेठ १५ गते आर्थिक वर्ष २०८३-०८४ को बजेट आउने भएकाले बजेटमा सुरक्षा निकायका कस्ता विषयवस्तुलाई समेट्ने भन्ने विषयमा समेत कठिन परिस्थिति उत्पन्न भएको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीका महानिरीक्षक दुवैले प्रधानमन्त्री शाहसँग भेट गर्न समय माग गरे पनि प्रधानमन्त्री शाहले समय नदिएपछि सुरक्षा निकायले अघि बढाउन खोजेका नयाँ योजनाहरूसमेत प्रभावित भएका छन् । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/15/768503/**

## सुशासन र आर्थिक पुनर्संरचना प्राथमिकतामा

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट मुलुकका विद्यमान आर्थिक चुनौतीलाई सम्बोधन गर्दै समुन्नत नेपालको दिगो आधार तयार गर्ने गरी तयार पारिएको बताउनुभएको छ। सङ्घीय संसद्का दुवै सदनबाट नेपाल सरकारको नीति तथा कार्यक्रम पारित भएपछि आगामी आवको बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दै उहाँले रोजगारी केन्द्रित आर्थिक वृद्धि, संरचनागत सुधार, डिजिटल रूपान्तरण र सुशासनलाई केन्द्रमा राखिने जनाउनुभयो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/205892**

## थाक टुकुचे गाउँ र धौलागिरि हिमाल

नेपालको संविधान २०७२ ले मुलुकलाई एकात्मक राज्य प्रणालीबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण गऱ्यो । यस व्यवस्थाको मूल मर्म शक्ति र अधिकारलाई केन्द्रबाट जनताको घरदैलोसम्म पुऱ्याउनु थियो । सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि स्थानीय सरकारलाई शासन प्रणालीको महत्वपूर्ण आधारका रूपमा स्थापित गरिएको छ । नेपालको संविधान २०७२ को धारा ५६ र ५७ ले गाउँपालिका, नगरपालिका तथा जिल्ला सभालाई स्थानीय सरकारका रूपमा अधिकार प्रदान गर्दै स्थानीय तहलाई जनताको सबैभन्दा नजिकको सरकारका रूपमा परिकल्पना गरेको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/205927**

## सिकाइ सुधारमा लगानी

देशको समृद्धि र विकासको पहिलो सर्त शिक्षा प्रणालीको गुणस्तर हो । आर्थिक वृद्धिदर, भौतिक पूर्वाधार वा राजनीतिक स्थायित्वले मात्र समृद्धिको ग्यारेन्टी गर्न सक्दैन । त्यसको वास्तविक आधार भनेको शिक्षा प्रणालीले निर्माण गर्ने नागरिकको गुणस्तरमा निर्भर हुन्छ । यसै तथ्यलाई मनन गर्दै नेपालले पनि विद्यालय शिक्षालाई बढी उद्देश्यमूलक, व्यावहारिक, जीवनमुखी र बालकेन्द्रित बनाउने अभिप्रायले विगत केही वर्षयता नीतिगत रूपमा निकै ठुला र सकारात्मक कदम चालेको छ । विसं २०७६ मा आधारभूत तह ( कक्षा १-३) को पाठ्यक्रममा गरिएको संरचनागत परिवर्तन र हालै कक्षा ५ सम्म लागु गरिएको पूर्ण आन्तरिक मूल्याङ्कन (निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली) यसकै कडीहरू हुन् । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/205924**

## नयाँ सरकारको शिक्षाको कार्यदिशा

शिक्षा एक किसिमको विधि पनि हो। शिक्षित भन्नाले कुनै दृष्टिले तौर-तरिका जान्ने भनेर बुझ्न पनि सकिन्छ । यतिबेला सरकार जनतालाई सेवा प्रवाह गर्न नयाँ कार्यसूची र कार्यदिशा प्रस्तुत गर्ने तरखरमा छ । केही समयमा आउने आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार हुनेछ । अहिले सरकारले आफ्ना एक सय कार्यसूची प्रस्तुत गरेको छ । यो लेख तीमध्येका शैक्षिक कार्यसूचीको सन्दर्भमा देशको शिक्षा क्षेत्रका प्राथमिकता र त्यसका आधार निर्माण गर्नेतर्फ लक्षित छ ।

शिक्षाको सन्दर्भमा कुरा गर्दा सर्वप्रथम सरकारले आफूलाई पाँचवर्षे आवधिक भन्दा दीर्घकालीन दिशा दिने रूपमा सोच्नु जरूरी छ । अवश्य पनि नेपाली जनताले वर्तमान सरकारको कार्यप्रदर्शनलाई सम्बोधन गर्नेछन् । बाँकी... स्रोत : **https://shikshakmasik.com/2026/05/4351/nayaan-sarakaarako-shikshaakaae-kaaryadishaa**

## गुरुङका सम्बन्धमा छानबिन समिति गठन

सरकारले पूर्वगृहमन्त्री सुधन गुरुङ मन्त्री हुँदा र त्यसपछि उठेका सार्वजनिक सरोकारका विषयमा अध्ययन तथा छानबिन गर्न समिति गठन गरेको छ । मन्त्रीपरिषद्को २०८३ वैशाख २८ गतेको बैठकले उच्च अदालतका पूर्वन्यायाधीश अच्युतप्रसाद भण्डारी अध्यक्ष, महालेखा नियन्त्रक शोभाकान्त पौडेल र सहन्यायाधिवक्ता अच्युतमणि न्यौपाने सदस्य रहने गरी समिति गठन गर्ने निर्णय गरेको हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/205896**

## बालेनले प्रधानमन्त्री कार्यालय मातहत नै ताने गुप्तचरी निकाय

सरकारले यस वर्ष मनसुनजन्य विपदबाट देशभर २ लाख जनसंख्या मात्र प्रभावित हुने आकलन गरेको छ । राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको विवरणमा यस वर्ष बाढी, पहिरो जस्ता प्राकृतिक विपदबाट ५१ हजार ८६८ घरपरिवारका २ लाख २६ हजार ६६१ जनसंख्या प्रभावित हुने आकलन गरिएको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1931961/nearly-200000-people-are-estimated-to-be-affected-by-this-years-monsoon-with-lumbini-at-greater-risk**

## सरकारले असार १ देखि कक्षा ११ को भर्ना अभियान थाल्ने

माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा प्रकाशित भएसँगै अब असार १ गतेबाट कक्षा ११ मा भर्ना अभियान सुरू हुने भएको छ। यसपटक बोर्डले एकमहिना भित्रै नतिजा प्रकाशित गरेपछि भर्ना पनि चाँडै खुल्ने भएको हो । कतिपय विद्यालयहरुले एसईई नतिजाको भोलिपल्टैदेखि अनलाइन र भौतिक दुवै माध्यमबाट आवेदन लिन थालिसकेका छन् । उता, काठमाडौं महानगरपालिकाले पनि छात्रवृत्तिका लागि अनलाइन फाराम खुला गरिसकेको छ। तर, यतिबेला अघिल्लो शैक्षिक सत्रको कक्षा ११ को पठनपाठन र परीक्षा सकिएको छैन। एउटै विद्यालयमा दुईवटा ब्याच एकैसाथ व्यवस्थापन गर्नुपर्ने कुराले विद्यार्थी र अभिभावकहरू भने अन्योलमा परेका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1932035/government-to-launch-grade-11-admission-campaign-from-june-1**

## सशस्त्रकी सहायक हवलदार अनिता कार्कीद्वारा सगरमाथाको सफल आरोहण

सशस्त्र प्रहरी सहायक हवलदार अनिता कार्कीले सगरमाथाको सफल आरोहण गरेकी छन् । उनी आज जेठ ३ गते ( मे १७ तारिख ) बिहान १० बजेर २० मिनेटमा सफलतापूर्वक सगरमाथाको चुचुरोमा पुगेको सशस्त्रका सह-प्रवक्ता तथा डीएसपी शैलेन्द्र थापाले जानकारी दिए। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1933334/armed-forces-assistant-havaldar-anita-karki-successfully-climbs-mount-everest**

## कामीरिता ३२औं पटक सगरमाथामा, तोडे आफ्नै रेकर्ड

प्रसिद्ध नेपाली पर्वतारोही कामीरिता शेर्पाले फेरि इतिहास रचेका छन् । उनले विश्वको सर्वोच्च शिखर सगरमाथा ३२औं पटक सफलतापूर्वक आरोहण गर्दै आफ्नै विश्व कीर्तिमानलाई थप विस्तार गरेका छन् । अभियान अधिकारीहरूका अनुसार ५६ वर्षीय शेर्पा बिहान १०:१२ बजे शिखरमा पुगेका थिए । यससँगै उनले विश्वकै सबैभन्दा धेरै पटक सगरमाथा आरोहण गर्ने कीर्तिमानलाई अझ मजबुत बनाएका छन् । यसअघि उनी २०८२ जेठ १३ गते सर्वोच्च शिखरमा पुगेका थिए। सोलुखुम्बुको थामेका कामीरिताले २४ वर्षको उमेरमा २०५१ सालमा पहिलोपटक सगरमाथा आरोहण गरेका थिए। बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/05/17/kami-rita-climbs-mount-everest-for-the-32nd-time-breaks-her-own-record-18-09.html**

## Kami Rita, Lhakpa Sherpa script history with record Everest summits on same day

Two Nepali mountaineers etched their names deeper into Everest history on Sunday morning, with Kami Rita Sherpa completing his record 32nd ascent of the world's highest peak and Lhakpa Sherpa reaching the summit for an unprecedented 11th time, both on the same day. Kami Rita, 55, launched his summit push from South Col late Saturday night and stood atop Mount Everest (8,848.86m) at 10:12 am local time, according to the Department of Tourism, which confirmed the ascent from its field office at Everest Base Camp. बाँकी...

स्रोत : **https://thehimalayantimes.com/nepal/kami-rita-lhakpa-sherpa-script-history-with-record-everest-summits-on-same-day**

## धरपकडले व्यावसायिक वातावरणमा त्रास सिर्जना भयो : उद्योग वाणिज्य महासंघ

नेपाल उद्योग वाणिज्य महासंघले व्यावसायीमाथि भएका धरपकडका घटनाले व्यावसायिक वातावरणमा त्रास सिर्जना भएको टिप्पणी गरेको छ । बिहीबार महासंघले ध्यानाकर्षण पत्र जारी गर्दै आर्थिक मुद्दाको अनुसन्धानका नाममा भइरहेका धरपकडका घटनाले लगानीकर्तामाझ नकारात्मक सन्देश गएको बताएको छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1931881/arrests-created-panic-in-the-business-environment-federation-of-nepalese-chambers-of-commerce-and-industry**

## Nepal's parliament is now accessible in sign language—but interpreters face challenges

Gyan Bahadur Thapa, a teacher at Navajyoti Deaf Secondary School in Sindhuli, had long wanted to follow parliamentary debates live like any other citizen. although he cannot hear, he regularly watches television, uses a mobile phone, reads newspapers and closely follows current affairs. Politics and policymaking have always interested him, particularly the speeches and decisions of leaders elected through public votes. बाँकी... स्रोत : **https://kathmandupost.com/national/2026/05/15/nepal-s-parliament-is-now-accessible-in-sign-language-but-interpreters-face-challenges**

## जेनजी अगुवाले किन बहिष्कार गरे संविधान संशोधनसम्बन्धी छलफल ?

जेनजी आन्दोलनका अगुवाहरूले सरकार पक्षले आह्वान गरेको संविधान संशोधन सम्बन्धी छलफल बहिष्कार गरेका छन् । विगतमा भएका सम्झौताहरु कार्यान्वयन नगरेको भन्दै उनीहरुले सरकारले शुक्रबार राखेको छलफल बहिष्कार गरेका हुन् । सरकारले गठन गरेको संविधान संशोधन बहसपत्र कार्यदलले पत्र पठाएर उनीहरूलाई छलफलमा बोलाएको थियो । तर, जेनजी आन्दोलनका २५ जना अगुवाहरुले शुक्रबार संयुक्त वक्तव्य जारी गर्दै उक्त छलफलमा सहभागी नहुने जनाएका हुन् । उनीहरुले छलफल बहिष्कार गर्नुमा सरकारको कार्यशैलीप्रति असन्तुष्टि देखाएका छन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/563333/why-did-the-genji-leaders-boycott-the-discussion-on-constitutional-amendment**

## पूर्वगृहमन्त्री गुरुङलाई छानबिन समितिमार्फत चोख्याउन लागिएको कांग्रेसको आशंका

प्रमुख विपक्षी दल नेपाली कांग्रेसले पूर्वगृहमन्त्री सुधन गुरुङलाई छानबिन समितिमार्फत चोख्याउन लागिएको आशंका गरेको छ । कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सरकारले गठन गरेको छानबिन समितिले सत्यतथ्य पत्ता लगाउनुको सट्टा गुरुङलाई सफाइ दिने प्रयास गर्न सक्ने आशंका व्यक्त गरेका हुन् । आङदेम्बेले भने, 'समितिले निष्पक्ष छानबिन गरोस्, चोख्याउने दाउ मात्र नगरोस् ।' बाँकी...

स्रोत : **https://www.ratopati.com/story/563344/nepali-congress-suspects-that-former-home-minister-gurung-is-being-cleared-through-an-investigation-committee**

## हर्क साम्पाङलाई शाहीले भने, 'प्रधानमन्त्रीको राजीनामा माग्नुपर्ने कारण छैन'

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले श्रम संस्कृति पार्टीका अध्यक्ष तथा सांसद हर्क साम्पाङलाई सम्बोधन गर्दै प्रधानमन्त्रीको राजीनामा माग नगर्न अपिल गरेका छन् । सामाजिक सञ्जालमा एक पोस्ट साझा गर्दै शाहीले वर्तमान प्रधानमन्त्रीको राजीनामा माग्नुपर्ने कुनै ठोस कारण नभएको स्पष्ट पारेका हुन् । बाँकी... स्रोत : **https://www.ratopati.com/story/563323/shahi-told-hark-sampang-there-is-no-reason-to-demand-the-prime-ministers-resignation**

## राष्ट्रियता र समृद्धिका लागि खेल क्षेत्रको महत्वपूर्ण योगदान छ : मुख्यमन्त्री आचार्य

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले राष्ट्रियताको रक्षा र समृद्ध नेपाल निर्माणका लागि खेल क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको बताउनुभएको छ । दाङको बेलझुण्डीमा शुक्रबार आयोजित लुम्बिनी प्रदेशस्तरीय १६औँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले खेलाडीहरूको भूमिका राष्ट्रियताको सवालमा सिपाहीसरह रहेको उल्लेख गर्नुभयो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/205967**

## स्थानीय सरकारका समस्या

नेपालको संविधान २०७२ ले मुलुकलाई एकात्मक राज्य प्रणालीबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण गऱ्यो । यस व्यवस्थाको मूल मर्म शक्ति र अधिकारलाई केन्द्रबाट जनताको घरदैलोसम्म पुऱ्याउनु थियो । सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि स्थानीय सरकारलाई शासन प्रणालीको महोवपूर्ण आधारका रूपमा स्थापित गरिएको छ । नेपालको संविधान २०७२ को धारा ५६ र ५७ ले गाउँपालिका, नगरपालिका तथा जिल्ला सभालाई स्थानीय सरकारका रूपमा अधिकार प्रदान गर्दै स्थानीय तहलाई जनताको सबैभन्दा नजिकको सरकारका रूपमा परिकल्पना गरेको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/205927**

## एमालेले भन्यो- न्यायपालिका प्रमुख प्रधानमन्त्रीको तजबिजबाट निर्धारण हुने खतरनाक भाष्य स्थापना हुँदैछ

प्रतिपक्षी दल नेकपा एमालेले न्यायपालिकाको प्रमुख बन्ने कुरा प्रधानमन्त्रीको तजबिजले निर्धारण गर्ने खतरनाक भाष्य स्थापना हुन खोजेको भन्दै आपत्ति जनाएको छ। सोमबार प्रतिनिधिसभा बैठकमा सम्बोधन गर्ने क्रममा एमाले सांसद पद्मा अर्यालले सरकारले ल्याएको अध्यादेश र अध्यादेश कार्यान्वयन गर्दैगर्दा प्रधानन्यायाधीश सिफारिसको विषयले स्थापित मान्यताको धज्जी उडाएको टिप्पणी गरिन् । 'न्यायपालिकाको प्रमुख को हुने भन्ने कुरा विधिले होइन, प्रधानमन्त्रीको तजबिजले निर्धारण गर्ने खतरनाक भाष्य सिर्जना गरिंदैछ,' उनले भनिन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1928875/uml-says-a-dangerous-narrative-is-being-established-that-the-head-of-the-judiciary-will-be-determined-by-the-prime-ministers-will**

## राष्ट्रिय पोसाकको उपेक्षा र राष्ट्रपतिको बिदाइमा प्रधानमन्त्रीको अनुपस्थितिलाई स्वाभाविक मान्न सकिँदैन : थापा

राप्रपाका नेता कमल थापाले औपचारिक तथा राष्ट्रिय समारोहहरूमा राष्ट्रिय पोसाकको उपेक्षा गरिएको भन्दै आपत्ति जनाएका छन्। उनले प्रधानमन्त्री लगायतका विशिष्ट व्यक्तिहरूले राष्ट्रिय पोसाक नलगाउनु परिवर्तन वा क्रान्तिकारिताको हुन नसक्ने बताएका छन् । 'औपचारिक वा राष्ट्रिय समारोहहरूमा प्रधानमन्त्री लगायतका विशिष्ट व्यक्तित्वहरूले राष्ट्रिय पोसाकको उपेक्षा गर्नु परिवर्तन वा क्रान्तिकारिता होइन र हुन सक्दैन,' उनले सामाजिक सञ्जालमा लेखे । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/politics/neglect-of-national-dress-and-absence-of-prime-minister-at-president-s-farewell-cannot-be-considered-natural-thapa-37-43.html**

## आर्थिक पुनरुत्थान, सुशासन र डिजिटल अर्थतन्त्र विस्तार प्राथमिकतामा

सरकारले राजनीतिक स्थिरतालाई मुख्य आधार मानेर आर्थिक पुनरुत्थान, संरचनागत सुधार, निजी क्षेत्रको विश्वास पुनःस्थापना, सुशासन र डिजिटल अर्थतन्त्र विस्तारलाई प्राथमिकतामा राखेको छ। परम्परागत सरकारी दस्तावेजभन्दा फरक तरिकाले प्रस्तुत आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रममार्फत सरकारले यस्तो नीति अघि सारेको हो। बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/12/767973/**

## कारागारलाई सुधार गृहमा रुपान्तरण गरिने

कारागारलाई सुधार गृहमा रुपान्तरण गरिने बताइएको छ। आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम संसद्मा प्रस्तुत गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले उक्त कुरा उल्लेख गरेका हुन्। यसअघि पनि कारागारलाई सुधार गृहमा रुपान्तरण गरिने भन्दै पटक पटक नीति तथा कार्यक्रममा उल्लेख हुँदै आएको छ। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1929142/prisons-to-be-converted-into-reform-homes?**

## भ्रष्टहरूको अन्तिम हुङ्कार

तीन दशकभन्दा अधिक समय सत्ताको कुर्सीमा बसेर देश र जनताको रगत-पसिना दोहन गरी मोटाएका अनि आफूलाई परमेश्वर ठान्ने पूर्व-शासकहरूले बालेन सरकारप्रति अन्तिम र टिठ लाग्दो हुङ्कार अभिव्यक्त गर्न थालेका छन् । उनीहरू लाखौँ नेपाली जनतालाई सडकमा ओर्लन र बालेन सरकारविरुद्धको आन्दोलनमा भाग लिनको लागि आह्वान गर्दै छन्। भ्रष्टहरू एकपछि अर्को गर्दै नाङ्गिँदै जाने अवस्थामा छन्। बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/11/767745/**

## कर्मचारीका ट्रेड युनियन र विद्यार्थी संगठन खारेज नगर्नू

सर्वोच्च अदालतले कर्मचारीका ट्रेड युनियन खारेजी रोक्न अल्पकालीन अन्तरिम आदेश दिएको छ। सर्वोच्चको संवैधानिक अदालतले ट्रेड युनियन खारेजी रोक्न अल्पकालीन अन्तरिम आदेश जारी गर्दै अन्तरिम आदेशका लागि जेठ ६ गते बोलाउने आदेश गरेको छ। सरकारले अध्यादेशमार्फत निजामती कर्मचारी, शिक्षक तथा अन्य सरकारी संघ संस्थामा रहेका ट्रेड युनियनहरू खारेज गरेको थियो। बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/12/767978/**